# धर्मकीर्ति
# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY


धर्मकीर्ति विहारमा आयोजित स्वागत कार्यक्रममा बोल्नुहुँदै बर्मी राजदूत उ मिन्ट स्वे

DHARMAKIRTI


**मिला पुन्ही**

वर्ष–२१; अङ्क–१०

**बिक्रम सम्वत् २०६०**

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफैं हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पेज नम्बर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | - | १ |
| २. | सम्पादकीय- जातीभेद जस्ता रोगबाट मुक्त हुन पर्‍यो | - | २ |
| ३. | धम्मपद-१६६ | - रीना तुलाधर | ३ |
| ४. | शाक्यमुनी बुद्ध-४ | - भिक्षु धम्मावुध | ४ |
| ५. | न्याकु खालु | - राज शाक्य | ६ |
| ६. | पुत्र वियोग | - कल्याण मित्र, स.ना.गो. | ८ |
| ७. | कसरी भनौं यो देशलाई शान्ति क्षेत्र | - राजीव बज्राचार्य | ८ |
| ८. | हिंसा रोक्ने उपाय | - भिक्षु संघरक्षित | ९ |
| ९. | पञ्चशीलको महत्व | - अम्बिका शाक्य | १० |
| १०. | अभिधर्म र यस्को महत्व | - प्रेमलाल चित्रकार | ११ |
| ११. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | - | १२ |
| १२. | प्रतिपदा-२ | - भूषण शर्मा हुमागाई | १३ |
| १३. | आफ्नो क्रिया खर्च पनि समाज सेवामा समर्पण | - | १५ |
| १४. | मेरो विचारमा भिक्षु अश्वघोष महास्थविर | - लेखबहादुर राउट | १६ |
| १५. | मलाई प्रेरणा मिल्यो | - चित्ररत्न शाक्य | १६ |
| १६. | छलफल-'शान्ति' | - मेघदूत | १७ |
| १७. | जन्म, जीवन व मरण | - हिरण्यराज बज्राचार्य | १८ |
| १८. | बुद्ध छन्त गन मालेगु? | - राजा बज्राचार्य | १८ |
| १९. | बुद्ध र शान्ति | - पुरुषोत्तम पोखरेल | १९ |
| २०. | धर्मकीर्ति विहार-गतिविधि | - | २० |
| २१. | बाल आश्रमलाई सहयोग | - | २१ |
| २२. | एक मूठी सास रहेसम्म | - हरिकृष्ण श्रेष्ठ | २२ |
| २३. | आमाको शरण | - रामभक्त प्रधान | २२ |
| २४. | हे आमा | - सबिना महर्जन | २२ |
| २५. | धर्मकीर्ति पत्रिकालाई मेरो शुभकामना | - मदन महर्जन | २२ |
| २६. | धर्म प्रचार-समाचार | - | २३ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया ह्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५८ ९५५, ४२२४ ९१२

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन: ४२५३ १८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७६ ९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**
फोन: ४२५७ ५७२

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन: ४२५९ ४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन: ४२५९ ११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५९ ४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५९ ४६६

बुद्ध सम्वत् २५४७
नेपाल सम्वत् ११२४
इस्वी सम्वत् २००४
बिक्रम सम्वत् २०६०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | ६/- |



# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**JANUARY 2004**

| वर्ष- २१ | अङ्क- १० | मिला पुन्ही | माघ २०६० |
|---|---|---|---|





★ निन्दा र प्रशंसा दुइवटा नै विवादका विषफल हुन् । यी क्षुद्र कुराहरू चित्तको शान्तिको कारण स्वरूप बन्दैनन् । अत: विवाद हितकर छैन, यस्तो विचार गर्नेहरूचाहिँ विवादमा नपरून् ।

★★★

★ यदि बाणले रोपिएको मानिस छ भने, त्यो यताउता छटपटाउँछ नै, तर यदि यस अन्तरमा लागेको बाण तानेर निकालिदियो भने, तब उसले सबै छट्पटि त्यागी उ एक ठाउँमा स्थिर भएर बस्ने छ ।

★★★

★ विषयको आसक्ति छाडिदियो भने मात्र मनुष्य विमुक्त भएर जान सक्छ ।

★★★

## जातीभेद जस्ता रोगबाट मुक्त हुन पर्‍यो

गौतम बुद्धले समाज सुधार विषयमा थुप्रै ज्ञान दिएर जानु भएको छ । त्यसैले उहाँलाई बुद्धिजीवीहरूले समाज सुधारक पनि भन्ने गर्थे । मुख्य रूपमा तत्कालिन समाजमा जातिवाद प्रबल थियो । ब्राह्मणहरूको प्रभुत्त्व थियो त्यसबेला । यद्यपि ब्राह्मणहरू पनि अन्य साधारण मानिस जस्तै महिलाकै पेटमा दश महिना बसी जन्मेका नै हुन् । तैपनि कोही ब्राह्मणहरू आफूलाई ब्रह्माको मुखबाट जन्मेका हौं भनेर गर्व गर्छन् । उनीहरूको विचारमा अरू सबै नीच हुन् । यस्तो जातिवादको कारणले समाजमा भयानक असमानताको सरुवारोग फैलिएको थियो । यो सरुवारोग हाल सम्म पनि समाजमा फैलिएकै छ ।

त्यसताका यस जातीवादको खण्डन गर्नुहुँदै बुद्धले भन्नुभएको थियो–

"जन्मले कोही पनि नीच हुँदैन, जन्मले कोही पनि ब्राह्मण हुँदैन । कर्मले नै नीच र ब्राह्मण हुने गर्छन् ।"

बुद्धको यस कथन सत्य सावित हुँदा हुँदै पनि जातिवादको बोक्सिले समाजलाई सताई नै रहेको छ । वैदिक शास्त्रले समाजलाई ब्राह्मण क्षत्रिय, वैश्य र शूद्र भनी विभाजन गरिदिएकोले आज सम्म पनि समाज त्यसबाट नराम्ररी प्रभावित भइरहेको देखिन्छ ।

आजभोली रेडियोले हिन्दू धर्ममा जातिभेद छैन भनी खूब प्रचार प्रसार गरिरहेको सुनिन्छ । तैपनि हिन्दू समाजमा जातिभेदले बलियो स्थान लिइरहेकै देखिन्छ । अखबारहरूमा दिनहुँ जस्तै पढ्न पाइन्छ- "गाउँ गाउँमा दलितवर्गहरू कुवाँको पानी लिनबाट वञ्चित छन् । पानी लिएको देख्ने वित्तिकै उच्चजातीका व्यक्तिहरूले कुटपिट मात्र होइन ज्यान नै लिने गर्छन् ।"

बेजातीसंग प्रेम गरी विवाह गर्ने आफ्ना छोराछोरीलाई घर भित्र पस्न नदिने अभिभावकहरू प्रशस्त पाइन्छन् हाम्रै समाजमा । आफूलाई बुद्ध अनुयायी, बुद्ध मार्गी भन्न रुचाउने कतिपय व्यक्तिहरूमा पनि यही संस्कारले बलियो जरो गाडेको पाइन्छ । त्यति मात्र कहाँ हो र ? बुद्ध मार्गीहरू मध्ये कुनै व्यक्ति यस्ता पनि छन्, जसले बुद्ध शिक्षामा आधारित पुस्तकहरू प्रकाशन गर्छन्, प्रचार प्रसार गर्छन् र आफूलाई विपश्यना ध्यान साधकको रूपमा चिनाउँदै ध्यान भावनामा संलग्न पनि हुन्छन् । तर त्यही व्यक्तिमा छोराछोरीले बेजातीसंग प्रेम विवाह गरेको कारणले उनीहरूलाई घरमा हुल्न दिएन । यसरी कतिपय परिवारमा यस्तो घटना हुने गरेको पाइन्छ ।

आजभोली रेडियो नेपालले हिन्दू धर्ममा जातिभेद छैन भन्दै खूब प्रचार गरिरहेको सुनिन्छ । तर यो कुरोले त "नयाँ सिसीमा पुरानो रक्सी" भन्ने उखानलाई चरितार्थ गरेको देखिन्छ ।

त्यसैले यो अव्यवहारिक जातिभेद प्रथा जस्तो सरुवारोगलाई जसरी भएपनि उन्मूलन गर्ने कार्यतर्फ सबैले ध्यान पुऱ्याउन आवश्यक देखिन्छ । यस्तो गर्न सकेमा मात्र बुद्ध शिक्षालाई केही मात्रामा भएपनि पालन गरेको ठहरिने छ ।

# धम्मपद–१६६

✍ रीना तुलाधर
*"परियत्ति सद्धम्म कोविद"*

**पियतो जायती सोको-पियतो जायती भयं**
**पियतो विप्पमुत्तस्स-नत्थि सोको कुतो भयं**

**अर्थ-** अति प्रियको कारणले शोक हुन्छ, प्रियको कारणले भय हुन्छ, प्रियबाट मुक्त भईसकेकोलाई शोक हुँदैन, भय कहाँबाट हुन्छ ?

**घटना-** उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बस्नु भएको बेला छोरो मरेको कारण पुत्र वियोगले दु:खी भएका एक धनी गृहस्थको कारणमा भन्नु भएको थियो ।

त्यसबेला कुनै एक कुटुम्बिक छोरो मरेको कारण पुत्र वियोगमा यति दु:खित भईरहेका थिए कि दिनहुँ मसानमा गएर छोरोलाई सम्झेर रोईरहन्थ्यो । एकदिन बिहानै बुद्धले **'महाकरुणासमापत्ति ध्यानमा'** बसी आज कसको उद्धार गरुं भनेर सोच्नु भएको बेला उही कुटुम्बिकले ज्ञान प्राप्त गर्न सक्ने देख्नु भयो । अत: त्यस दिन उसैको उद्धार गर्ने सोची भगवान बुद्ध भिक्षाटन पछि एक भिक्षुलाई साथमा लिएर कुटुम्बिकको घरमा जानु भयो ।

बुद्ध आफ्नो घरमा पाल्नु भएको देखेर कुटुम्बिकले सोचे- मेरो हालचाल, स्वास्थ्यको बारेमा जान्न आउनु भयो होला । यस्तो सोची बुद्धलाई आवश्यक स्वागत सत्कार गरेर आसनमा बस्न लगाई एक छेउमा बसे । बुद्धले एकैचोटि सोध्नु भयो- "के छ उपासक, किन यति दु:खित भएर बसेको ?"

"मैले मेरो छोरो गुमाएँ । अत: अति दु:खी छु" उपासकले भने ।

भगवान बुद्धले भन्नुभयो- "हे उपासक, धेरै चिन्ता गरेर नबस । यो मरण हुनु भनेको न त कुनै एक ठाउँमा मात्र हुने हो, न त कुनै एकजनालाई मात्र हुने हो । जहाँसम्म यस संसारमा उत्पन्न भएका प्राणी हुन्छन् । त्यहाँसम्म सकल सत्व प्राणीलाई हुने यो स्वभाव धर्म हो । यो संसारमा एउटै पनि संस्कार धर्म नित्य छैन । अत: "मरण हुनुपर्ने धर्म मरण भए, नष्ट हुनुपर्ने धर्म नष्ट भए" भनेर यथार्थ रूपले जानी लिनुपर्छ । शोक गरी राख्नु हुँदैन । पण्डितजनले आफ्नो पुत्र मर्दा पनि 'मर्नु पर्ने मरेर जान्छन्, नष्ट हुनु पर्ने नष्ट हुन्छन्" भनेर यथार्थ रूपले बुझी मरणानुस्मृति भावना गर्छन् । तिमीले जस्तो गर्नुपर्ने कामकाज जति छोडेर रोएर विलाप गरेर बस्दैछन् । अत: तिमीले पनि मरणको यो स्वभाव धर्मलाई जानी मरणनानुस्मृति भावनाको बल बढाउ । मेरा प्रिय पुत्रले छोडेर गयो भनेर चिन्तना गरेर नबस । उत्पन्न हुने शोक र भय जति प्रियकै कारणले हो ।" यसरी धर्म देशना दिंदै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

धर्म देशनाको अन्तमा उक्त कुटुम्बिक उपासक स्रोतापत्ति फलमा प्रतिष्ठित भए । ■

*'२५४७ औं बुद्ध जयन्तीमा प्रथम भएको कविता'*

## बुद्ध र शान्ति

✍ रक्षा शाक्य, चैनपुर-३

बुद्ध तिम्रो समयमा त धेरै मानिसहरूले
शान्तिको आभाष पाएका रहेछन्
अन्यायी, अत्याचारी, दोषीहरूले समेत
पाप मोचन गरी मोक्ष प्राप्ती गर्न त पाएका रहेछन्

तर बुद्ध आजको अवस्थामा त समस्त मानवमा त
भय, त्रास र आतंक मात्र बाँकी छ
त्यसैले बुद्ध हामी भन्छौं तिमीले छाडी गएको
सदाचार आज समस्त मानवहरूका लागि अचुक
औषधि मात्र सावित भएको छ

तिम्रो सही शिक्षा सबैमा छावस
सबैमुखले त भन्दछन् तर व्यवहारमा लागू छैन
तिम्रो र हाम्रो मातृ भुमी त एउटै हो
हामी पनि तिम्रे उपासकहरू हौं नी !
त्यसैले हामी फेरि भन्छौं बुद्ध तिमी फेरि यस
धर्तिमा आइदेऊ

*( हामी शान्तिबाट अनाथ भएका मानव सब प्राणीलाई शान्तिको बाटोमा लगिदेउ आजको पावन दिनमा यहि कामना छ बुद्ध तिमीलाई )*

# शाक्यमुनी बुद्ध-४

✎ भिक्षु धम्माउध, बर्मी

अब कसलाई यो ज्ञानको उपदेश दिन उचित होला भनी सोच्दा सोच्दै उहाँले (गौतम बुद्धले) आफ्ना गुरु एवं विद्वानजनहरू आलार र उदक नाम गरेका ऋषिहरूलाई सम्झनु भयो । उनीहरूलाई उपदेश दिन पाएको खण्डमा उनीहरूले सजिलो तरिकाले नै यो ज्ञान बुझ्न सक्नेथिए । तर उनीहरू दुवैजना परलोक भइसकेको खबर सुन्न पर्‍यो ।

त्यसपछि बुद्धले अब कसलाई उपदेश दिनु पर्ला भनी विचार गरी हेर्नुहुँदा पञ्च भद्र वर्गिय साथीहरूलाई सम्झनु भयो । उनीहरू ऋषिपतन मृगदावनमा बसिरहेका थिए । त्यहिं जानपर्ला भनी उहाँले सरासर वाराणसी तर्फ पाइला सार्नुभयो । बाटोमा उपक नाम गरेको एक तपस्वी भेटियो । उपक परिव्राजकले उहाँलाई सोध्नुभयो–

"भो साथी तपाइँको अनुहार ज्यादै तेजीलो देखिन्छ । इन्द्रिय पनि एकदम शान्त देखिन्छ । तपाइँको नाम के हो ? तपाइँको गुरु को हुनुहुन्छ ? बुद्धको उत्तर यसरी रहेको थियो–

"मलाई जिन भनिन्छ । मेरो कोही गुरु छैनन् । मैले गुरु विना स्वयं बोधि ज्ञान प्राप्त गरें ।"

उहाँको उत्तर सुनी उपकले होला, होला भन्दै टाउको हल्लाउँदै फेरि प्रश्न गर्‍यो–

"अब तपाइँ कहाँ जान लाग्नु भएको त ?"

बुद्धले उत्तर दिनु भयो–

"उपक ! बुद्धहरूको धर्म अनुसार धर्मचक्र धर्मदेशना गर्नको लागि वाराणसी नजिकको मृगदावनमा जान लागेको छु ।"

त्यति कुरा सुनेर उपकले आफ्नो बाटो तताउँदै वङ्ग जनपदमा गए ।

बुद्ध पनि सरासर वाराणसी शहरको नजिकै रहेको मृगदावन (सारनाथ) मा जानुभयो । पहिला त पञ्च भद्र वर्गीयहरूले गौतम बुद्धलाई विश्वास गरेनन् । उहाँलाई स्वागत नै नगर्ने, तप भ्रष्ट, मीठो खाना खान पल्केका गौतम भन्दै वास्ता नगर्ने वाचा गरिराखेका उनीहरूले जब गौतम बुद्ध नजिकै आइपुग्नु भयो, तव उनीहरू आफ्ना प्रतिज्ञामा अडिग रहन सकेनन् । फलस्वरूप कसैले उहाँलाई स्वागत गरे, कसैले उहाँको हातको पात्र लिन गयो । कसैले उहाँलाई आसन ओछ्याइदियो त कसैले पाऊ पखालिदियो । यस घटना-बाट बुद्धको शीलको प्रभाव, समाधिको फल, उहाँको मन कति शुद्ध रहेछ भन्ने प्रमाण प्रष्टाइरहेको छ ।

आषाढ पूर्णिमा, शनीवारका दिन उहाँ बुद्धले पञ्च भद्र वर्गियहरूलाई धर्मचक्र प्रवर्तन सूत्र देशना गर्नुभयो । उहाँले धर्मचक्र घुमाउँदै भन्नुभयो-

"द्वे मे भिक्खवे अन्ता पब्बजितेन न सेवितब्बा"

अर्थात्,

"हे भिक्षुहरू हो । तिमीहरूले २ वटा अन्तहरूलाई सेवन नगर्नु अर्थात् दुईवटा अतिमार्गमा तिमीहरू नलाग्नु ।"

उहाँले (बुद्धले) कुनै पुस्तकको आधारमा धर्मचक्र प्रवर्तन गर्नुभएको होइन । कुनै गुरुको भर लिएर देशना गर्नुभएको होइन । आफ्नै अनुभवको आधारमा धर्मचक्र प्रवर्तन गर्नुभएको हो । आफैले अनुभव गरी स्वयंले बुझिसकेपछि मात्र बताउनु भएको हुनाले यस धर्मचक्र सूत्रको थुप्रै महत्त्व रहेको छ । विश्वास गर्न योग्य छ ।

हाम्रो अगाडि रहेको लौकिक र भौतिक सुख सम्पत्ति जति भएपनि त्यसबाट हामीलाई आध्यात्मिक सुख शान्ति प्राप्त हुने होइन भन्ने कुरा बुद्धले धर्मचक्र सूत्रबाट बुझ्नु भएको थियो । जतिभए पनि नपुग्ने, सन्तोष लिन नसक्ने, पानीको तीर्खा लागेको बेला नुनीलो पानी खाए जस्तै यस भौतिक सुखमा मात्र टाँसिराख्नु ठीक छैन भनी बुझ्नु भयो । यसबाट साँच्चिको आध्यात्मिक सुख प्राप्त हुन सक्दैन, यसलाई काम सुखल्लिकानु योग भनिन्छ । यो एक अन्त र अति हो । यसमा अति रूपले भुलिराख्न हुन्छ ।

फेरि आफ्नो शरीरलाई बढि मात्रामा दु:ख कष्ट दिई घोर तपस्या गरेर पनि सुख प्राप्त भएन, ज्ञान प्राप्त गर्न सकिन । यसबाट त झन चिन्तन शक्ति र बुद्धि मात्र हीन हुँदै गयो । शरीरलाई दु:ख दिने मार्गलाई अत्तकिलमथानुयोग भनिन्छ । यो पनि एक प्रकारको अति वा अन्त हो । अति सुखमा पनि शान्ति छैन । अति दु:ख र पीडा भोग्ने कार्यमा पनि शान्ति छैन । (धनी र गरीव



Downloaded from http://www.dhamma.digital

भएर जीवन विताउन परे सम्म शान्ति हुनेछैन) । यसरी बुद्धले आफ्नो अनुभव बताउनु भयो । त्यसैले यी दुई अन्तमा नगइकन मध्यम मार्गमा गई ठिक्कको जीवन विताई मनलाई दमन गर्नुपर्दछ भन्ने अर्थमा–

"द्वेमे भिक्खवे अन्ता पब्बजितेन न सेवि तब्बा"

भन्नु हुँदै बुझाउनु भयो ।

दुईवटा अन्तको बीचमा रहेको आर्य अष्टाङ्गिक मार्ग बारे व्याख्या गर्नुहुँदै चतुआर्य सत्य (दुःख, दुःखको कारण, दुःख नाश गर्न सकिन्छ र दुःख नाश गर्ने मार्गहरू) लाई राम्ररी बुझिसकेको कुरा बताउनु भयो । दुःखको कारण तृष्णा हो भन्ने कुरा बुझी त्यस तृष्णालाई निर्मुल पारिसकेको कुरा पनि बताउनु भयो । यो कुरा बुझ्नको लागि आर्य अष्टाङ्गिक मार्गमा जानु पर्दछ ।

आर्य अष्टाङ्गिक मार्ग मध्ये पहिलो मार्ग सम्मादिट्ठि (सम्यक दृष्टि) हो । सम्मा भनेको राम्ररी, ठीक तरिकाले दिट्ठि भनेको हेर्ने वा बुझ्ने हो । हेर्ने भन्नाले मासुको आँखाले हेर्नेलाई पनि हेर्ने भनिन्छ । तर यहाँ राम्ररी हेर्नुको अर्थ मासुको आँखाले हेरी तिमी म, मेरो छोरा छोरी र श्रीमती भन्दै ममत्त्व र लोभ क्रोध मिसाई हेर्ने भनेको चाहिं होइन । लोभ क्रोध समावेश नभएको केवल नाम रूप धर्मको समूह मात्र भनी सत्यतालाई देख्न सक्ने अवस्थालाई सम्यक दृष्टि भनिन्छ ।

भौतिक सुख (विलासि जीवन) मा मात्र भुलिरहने काम सुखल्लिकानु योग र शरीरलाई दुःख दिँदै भोक भोकै रहने अत्तकिलमथानुयोग आदि यी दुई अति मार्गहरूको बीचको बाटो आर्य अष्टाङ्गिक मार्गलाई मध्यम मार्ग पनि भनिन्छ ।

फेरि सस्सत दिट्ठि (शास्वत दृष्टि) = आत्मा नित्य र उच्छेददिट्ठि मरण पछि फेरि जन्म लिंदैन, राम्रो र नराम्रो कर्मको कुनै फल भोग गर्न पर्दैन भन्दै यी दुबै मिथ्या दृष्टि भित्र नपरेको कारणले आर्य अष्टाङ्गिक मार्गलाई मध्यम मार्ग भनिएको हो । नाम रूप मन र शरीर धर्मलाई नित्य अनी अथवा कुनैपनि व्यक्ति यहाँबाट मरेर अर्को स्थानमा जन्म लिन जान्छ भनी विश्वास लिने व्यक्तिहरूलाई शास्वत दृष्टिवादीहरू भनिन्छ ।

यहाँबाट मरेपछि नाम रूप अर्को स्थानमा फेरि उत्पन्न नै हुँदैन भन्ने धारणा सहितका व्यक्तिहरूलाई भने उच्छेददृष्टिवादी भनिन्छ । यी दुवै दृष्टिहरूबाट मुक्त हुने विचारलाई सम्यक दृष्टि भनिने गरिन्छ । वेदना आदि चित्त र चेतसिक धर्म (वस्तु) एउटा उत्पन्न हुने वित्तिकै अर्को नाश हुनेछ । यसरी चित्त सन्तति उत्पत्ति र भंग हुने देखेपछि मात्र सास्वतदृष्टि र उच्छेददृष्टि दुवै नाश हुन्छन् । यसरी अनित्य लक्षण देखेपछि सक्कायदिट्ठि (सत्कायदृष्टि) पनि नाश भएर जानेछ । सत्कायदृष्टि भनेको नाम-रूप (Mind and Matter) को उत्पत्ति र विनाश हुने स्वभावलाई देख्न नसकी म, मेरो, मेरा छोरा छोरी र श्रीमती भन्दै आशक्तिपनाको बलियो डोरीले समाटी दुःख पाइरहनुलाई भनिन्छ । जब हामीमा प्रज्ञा (बुद्धि) उत्पन्न हुनेछ, तब म, मेरो, मेरा छोराछोरी र श्रीमती आदि भन्दै आशक्तिपनाको बलियो डोरीले समाट्ने बानी हुँदैन केवल नाम, रुप अथवा चित्तको उत्पत्ति र भंगको सम्बन्धलाई मात्र बुझ्ने र देख्ने हुन्छ । अनि प्रज्ञारुपी दीयोको कारणले लोभ क्रोध आदि लुकेर बस्न पाउँदैन । यस संसारमा आशक्तिवस टाँसिरहन योग्य तत्त्व कुनै पनि छैन, हेतुफलको धारा मात्र रहेछ भन्ने सत्यतालाई यथार्थ रुपमा देख्न सक्नेछ । त्यसैले गौतम बुद्धले भन्नुभएको छ–

**"पटिच्च समुप्पादं वो देसयिस्सामि**
**यो पटिच्च समुप्पादं पस्सति**
**सो धम्मं पस्सति, यो धम्मं पस्सति**
**सो बुद्धं पस्सति ।"**

अर्थात्– "हे सज्जनहरू हो । तिमीहरूलाई मैले हेतुफलले (कारण कार्य) यस संसार उत्पन्न भइरहेको विषयलाई लिएर पटिच्च समुप्पाद धर्मलाई बताउन गइरहेको छु । जसले पटिच्च समुप्पादले हेतुफललाई देख्नेछ, उसले धर्मलाई देख्नेछ ।"

यी कुरालाई बुझिसकेपछि मात्र **"दिट्ठे दिट्ठमत्तं सुत्ते सुतमत्तं"**

अर्थात् हेर्नेबेला देखेकोमा मात्र सीमित रहने र सुन्नेबेला सुनेकोमा मात्र सीमित रहन सकिने हुन्छ । यस सीमालाई नाघेर आशक्तिमा भुल्ने कार्य हुन पाउँदैन ।

**"गच्छन्तो वा गच्छामीति पजानाति"**

अर्थात्– गइराखेको बेला गइराखेको छु भन्ने विषयलाई मात्र बुझ्ने हुन्छ ।

यस हेतुफल ज्ञान प्रज्ञा सहित र आर्यमार्ग ज्ञान सहित काम गरेको खण्डमा मात्र हरेक कार्यमा पनि पश्चाताप मानेर बस्नुपर्ने अवस्था आउँदैन । जसरी सम्राट अशोक एक राजा भएर पनि उसले बौद्ध भई

सम्यक दृष्टि, सम्यक संकल्प आदि मध्यम मार्ग अपनाउनु भई धर्मपूर्वक जनजीवन सुखी पारी राज्य संचालन गर्नुभयो। यसले गर्दा विदेशमा समेत बुद्ध धर्म प्रचार हुनपुग्यो। उहाँ प्रजाको संरक्षक हुनुभयो। यही कारणले गर्दा आज सम्मपनि अशोक महाराजाको नाम प्रख्यात भइरहेको छ। अमर बनेको छ उहाँ। अशोक राजाले सम्यक दृष्टि अपनाउनुभई राज्य संचालन गरिरहनु भएको बेला देशमा कति शान्ति छाएको थियो भन्ने कुरालाई आजसम्म पनि इतिहासले बताइरहेको छ। यस विषयमा हामीले कति बयान गरौं ?

धर्मचक्रको विषयमा बताउँदा बताउँदै कुरा लम्बिंदै यहाँसम्म पुगियो। धर्मचक्र प्रवर्तन गरिसक्नु भएपछि बुद्धले वाराणसी मृगदावनमा नै प्रथम वर्षावास बस्नुभयो। पाँच दिनमा अर्थात् पञ्चमीको दिन अनत्तलक्खण सूत्र देशना गरिसक्नु भएपछि क्रमैसंग जनहितको निम्ति सूत्र विनय र अभिधर्म विषयमा गाउँ गाउँ र नगर नगरमा धर्म प्रचार गर्नु हुँदै देशना गर्नुभयो। यसरी ४५ वर्ष सम्म बुद्ध धर्म प्रचार गर्नुहुँदै वैशाख पूर्णिमा (स्वाँया पुन्ही) मंगलवार का दिन कुशीनगर स्थित मल्ल राजाहरूको शालवनमा उहाँ परिनिर्वाण हुन अगावै उहाँले (बुद्धले) यसरी आज्ञा हुनुभयो–

**"हन्ददानि भिक्खवे आमन्तयामि वो**
**वयधम्मा संखारा अप्पमादेन सम्पादेथ"**

अर्थात्-

"हे (भिक्षुहरू !) संसारभय देखेर डराउनेहरू हो ! साँच्चिकै तिमीहरू संसार भय देखेर डराइरहेका छौ भने संसारमा जति पनि उत्पन्न हुने पदार्थहरू छन्, तिनीहरू सबै नाश हुँदै जाने परिवर्तनशील छन् भनी बुझी यिनीहरू कुनैमा पनि आशक्त नभई, बेहोश नभई सतर्क भएर काम गर्नु।"

यो बुद्धको अन्तिम वचन थियो। मैले (लेखकले) पनि यहि भन्छु कि गौतम बुद्धले पनि यस संसारको उत्पन्न हेतुफल र नाश हुने लक्षण देखी उहाँले दु:खबाट मुक्त हुनुभयो। हामीले पनि यस अविद्याको कारणले उत्पत्ति विनाशलाई देख्न नसकिरहेकोलाई प्रज्ञा ज्ञानले हेर्ने वानी बसाल्न परेको छ। यति नै भनी मेरो रेडियो भाषण यहिं समाप्त गर्दैछु।

*(बर्मीबाट नेपाल भाषामा अनुवाद धम्मवती नेपालीमा अनुवाद वीर्यवती)*

## न्याकु खालु

✍ **राज शाक्य**, कालेबुंग।

हाकुसिन्ह: तिना:, क्वखा क्वखाया:
सम्येबजि प्रसाद ग्रहण याना:
शाक्य हे जूसां वइत, बौद्ध सुनां धाइ
जुलसां ज्ञानमाला भजन याना:।

देक्ये वना: जाकि निगचा होला:
थ:गु ल्हा थम्हं भागि याना:
जन्म-जरा भरणं, मुक्त जुइगु ख:सा
बुद्धं 'चतुरार्य सत्य' जुल छाय् कना:।

धर्मया नामे यज्ञ बलि याना:
दय:या नामं प्वा थ:गु जाय्का:
आश्रवक्षय गथे जुइ फइ भीगु
मयाकं ध्यान मन क्वातुका:।

धर्म खँ मथुइकुसे मत जक च्याका:
स्वाँ धुपाँय् तया: पूजा या:साँ
शील, समाधि, प्रज्ञा धर्माचार मदुसा
लाइमखु मोक्ष थ:त पण्डित धा:साँ।

'ईश्वर' प्रति विश्वास याये मात्रं हे
मुक्ति भीत दइगु ख:सा
पाप धर्म धका: हाले मा:गु छाय्
मन्त स्वर्ग नर्कया भय, न्ह्याागु या:सां।

### बुद्धको मूल शिक्षा



'सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा;
सचित्त परियोदपनं एतं बुद्धान सासनं'

अर्थ- 'कुनै प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) काम गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु।'

***Not to do Evil, To Cultivate Merit, To Purify One's Own Mind.***

*भावार्थ- पाप कर्म नगर्दैमा पुग्दैन र कुशल कर्महरू मात्र गरेर पनि पुग्दैन। मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ। - बुद्ध*



Downloaded from http://www.dhamma.digital

# पुत्र वियोग

बोधिसत्वको जीवनको एउटा घटना थियो। एक पटक उहाँ वाराणसीको ब्राह्मण कुलमा जन्मेका थिए। ठूलो भएपछि परिवारको जेठो व्यक्ति भए। उनको परिवारमा उनकी पत्नी, छोरा छोरी, बुहारी र एकजना दासी थिईन्। जम्मा छ: जनाको परिवार सुखी परिवार थियो। परिवार पालन पोषणको लागि बोधिसत्व शहर भन्दा बाहिर खेती गर्दथ्यो। उनको काममा छोराले सगाउने गर्दथ्यो।

सधैं झैं उनी एकदिन खेतमा काम गरीरहेका थिए। एक्लै हलो चलाउँदै थिए, छोरो खेतको झार-पात जम्मा गरेर बालिरहेका थिए। यत्तिकैमा झार-पात भित्रबाट एउटा साँप निस्के र छोरोलाई डसिदिए। साँपको विष उनको शरीर भरी फैलियो र उनको छोरो त्यहीं भूईमा लड्यो। बोधिसत्वले टाढैबाट आफ्नो छोरो लडेको देखे र दौड्दै छोरो कहाँ आइपुगे। त्यतिञ्जेल सम्ममा उनको छोरोको प्राण गईसकेको थियो। बोधिसत्वले त्यस लाशलाई छेउको एउटा रुखमुनी राखे र आफू फेरि काममा लागे।

केही समय पछि एकजना किसान शहर तर्फ गईरहेको उनले देखे। बोधिसत्वले एउटा सूचना आफ्नो घरसम्म पूऱ्याई दिन त्यस किसानलाई अनुरोध गरे। दिनहुँ दासीले बोधिसत्व र उनको छोरालाई खेतसम्म खाजा ल्याउँथिईन्। आज दुइजनाको लागि खाजा चाहिँदैन केवल एकजनाको लागि मात्र ल्याउनु र परिवारका सबैजना स्वच्छ कपडा लगाइ केही सुगन्धित फूल लिएर आउनु भन्ने सूचना उनले पठाए।

जब ब्राह्मणीले यस्तो सूचना सुनिन् उनले आफ्नो छोरोको मृत्यु भएको बुझिन्। परन्तु यस्तो दुखद् सूचना पाएर पनि ब्राह्मणी विचलित भईनन्। परिवारको अन्य चार जना पनि विचलित भएनन् र बोधिसत्वको आदेशानुसार खेत तर्फलागे। उनीहरू मध्ये न कोही रोए-कराए न विलाप-प्रलाप नै गरे।

बोधिसत्व आफ्नो हरेक जीवनमा धर्मको जीवन जिएर कुनै न कुनै पारमी पुष्ट गर्ने काम गर्दछ। केवल आफू एक्लै धर्मको जीवन जिउँदैन साथमा आफ्ना स्वजन परिजन साथीभाईलाई पनि धर्ममय जीवन जिउने शिक्षा सिकाउँदछ। सम्यक सम्बुद्ध भएपछि त अनेक व्यक्तिहरूलाई शुद्ध धर्मको मार्ग सिकाएर भव मुक्तिको मार्गमा अग्रसर हुन उचित निर्देशन दिनु पर्ने हुन्छ। त्यसैले प्रत्येक जीवनमा अत्यन्त मैत्री चित्तले धर्म देशना दिन सामर्थ्य बनाउँदै लान्छ। अत: बोधिसत्व आफ्नो परिवारका सबैजनालाई गृहस्थ जीवनका सम्पूर्ण जिम्मेवारि कुशलतापूर्वक निभाउँदै शुद्ध धर्ममा प्रतिष्ठित हुने उपदेश दिनहुँ दिन्थ्यो। र आफू स्वयं पनि धर्म पूर्वक जीवन जिएर सबैको प्रेरणाको आदर्श बन्दथे। उनले आफ्नो परिवारका सदस्यहरूलाई एउटै मात्र शिक्षा दिएको थियो कि शीलको पालन गर। प्रसन्न चित्तले यथाशक्ति दान दिनु। साधना द्वारा चित्तलाई वशमा राखी उदय-व्यय बोध गरेर चित्त निर्मल गर्नु। समय समयमा मरणानुस्मृति भावना द्वारा निसर्गको नियमको सत्यलाई बुझ्दै रहनु कि जुन जन्मिएका छन् ती ढिलो या चाँडै समय भएपछि स्वत मृत्यु हुन्छन्। मृत्युको फन्दाबाट कोही पनि प्राणी बच्न सक्दैन। बोधिसत्व स्वयं मरणानुस्मृतिको साधनामा परिपक्व थिए र आफ्नो परिवारका सदस्यहरूलाई पनि परिपक्व बनाएका थिए।

जब परिवारका सबैजना खेतमा पुगे तब जुन कुराको शंका थियो त्यही भयो। तर युवा पुत्रको लाशलाई देखेर कसैले रोएर छाती पिटि पिटि विलाप गरेनन्। सबै जनाले नजीकै रहेको दाउरा बटुल्न थाले, लाशको अन्तेष्टि गर्ने काममा लागे। छिट्टै चिता तयार गरे र लाशलाई चितामाथि राखे। आफूले ल्याएको सुगन्धित फूल लाशमा चढाए र चिता जलाएर त्यसको सामुन्ने बसे।

एक जना मान्छेले यी सबै घटना हेरीरहेका थिए। सबै घटना हेरेर ऊ जिल्ल परीरहेका थिए। उसले अचम्म मानेर किसान बोधिसत्वलाई सोधे-

– "के कुनै पशुलाई जलाइरहेका हौ ?"

– "होइन, यो पशु होइन मृत मनुष्यको शरीरलाई जलाइराखेका हौं।" बोधिसत्वले उत्तर दिए।

– "त्यसो भए यो तिम्रो दुश्मन होला ?"

– "होइन यो दुश्मन होईन मेरो एक्लो छोरो हो।"

– "त्यसो भए तिम्रो यो छोरोसंग सम्बन्ध बिग्रेको होला ?"

– "होईन, होईन । यो मेरो अत्यन्त प्रिय पुत्र हो ।"

– "त्यसोभए एक्लो छोरो मर्दा पनि तिमी किन नरोएको, विलाप किन नगरेको ?

– "जे भयो भयो । जसरी साँपले आफ्नो काँचुली फेरेर जान्छ त्यसरी नै यसले पनि आफ्नो शरीर छोडेर गयो । अब विलाप गरेर के पाउँछ ? विलाप गऱ्यो भन्दैमा त्यो त फर्किंदैन ।"

आगन्तुकले यही प्रश्न मृत व्यक्तिको आमालाई गरे । "तिमी त उसको आमा, बाबुको मन त कठोर हुन सक्छ । तिमीले त नौ महिनासम्म पेटमा राखेर जन्म दिएको, दूध पिलाएर उसलाई पोषण दिएकी आमा हौ । आमाको हृदय त अत्यन्त कोमल हुन्छ । एक्लो छोरोको मृत्यु भएर पनि तिमी किन नरोएको ?"

यसरी नै मृतकको पत्नीलाई पनि उसले यही प्रश्न गरे "तिम्रो त सर्वस्व नै लुट्यो । यस्तो तरुनी अवस्थामा नै आफ्नो सिउँदो उजाड भयो । तर पनि तिमी रोएनौ किन ?"

त्यस्तै मृतकको बहिनीलाई सोध्यो– "बहिनीलाई त आफ्नो दाई अत्यन्तै प्यारो हुन्छ । तिमी कस्ती बहिनी हौ जो आफ्नो दाईको मृत्यु भएर पनि नरोइकन बसीरहेछौ ?"

त्यसपछि दासीलाई सोधे- "मृतकले अवश्य पनि तिमीलाई कटू व्यवहार गरेको हुनु पर्छ त्यसैले तिमी पनि नरोई बसीरह्यौ ।"

दासीले भनी– "उहाँ अत्यन्त प्रिय, मृदुभाषी हुनुहुन्थ्यो । उहाँको व्यवहार अत्यन्त मधुर थियो । सबैको प्यारो थियो ।

– "तै पनि किन नरोएको ?"

सबैजनाको एउटै उत्तर थियो– "रोएर के पाउँछ ? उ जसरी आयो त्यसरी नै गयो । संसारमा सबैको जीवन अनिश्चित नै हुन्छ, मृत्यु त सबैको निश्चित छ । आफ्नो कर्म अनुसार प्राणी संसारमा आउँछ र आफ्नो कर्म अनुसार जान्छ ।

**यथागतो तथागतो तत्थ का परिदेवना ?**

- जसरी आयो त्यसरी नै गयो यसको लागि रुनु कराउनु किन ?

जानुपर्ने गयो । यो निष्प्राण शरीर जुन चितामा जलाई राखेका छौं त्यसलाई के मतलब कि हामी त्यसका लागि रोइरहेका छौं । रोएर हामी आफ्नो भलो गर्छौं न अन्य कसैको नै । रोएर आफू स्वयं र अन्यलाई पनि दुःखी बनाउँछौं ।

**तस्मा एवं न सोचामि गतो सो तस्स या गति ॥**

- आफ्नो कर्माअनुसार जस्तो गति छ त्यहाँ गयो त्यसको लागि हामीले शोक गर्नु पर्दैन ।

यस प्रकार बोधिसत्वले यस जीवनमा स्वयं आफ्नो क्षान्ती पारमी बढायो र अन्यलाई पारमी बढाउने काममा सहायक बन्यो ।

(साभार: हिन्दी विपश्यना पत्रिका, माघ पूर्णिमा, १९९५) **कल्याण मित्र**, स.ना.गो.

## कसरी भनौं यो देशलाई शान्ति क्षेत्र

✍ **राजीब बज्राचार्य**, ल.पु.भिन्छे बहाल

कसरी भनौं यो देशलाई शान्ति क्षेत्र
देशभर नै कोलाहल र आतंक
रगत र आंशुले यो धर्ती भिज्दै छ ।
शान्ति क्षेत्र भनी घोषणा गर्यो यो देशमा
अब आएर फेरि अशान्तिले घेरामा पारेछ ।
बुद्धको जन्मभूमी नेपाल भन्नै सक्तिन म अब
कसरी भनौं यो देशलाई शान्ति क्षेत्र
देशभर नै कोलाहल र आतंक छाएको छ ।
सोच्दै नसोचेको आतंक नेपाल भित्र पसेछ ।
क्षण क्षणमा बारुद र बमको ध्वनी छ ।
सारा नेपालीको मनमा भूकम्प मचिएको छ ।
मर्नेहरू धमाधम मरी रहेकै छ । कसलाई के चिन्ता ?
ठूला बडाहरू शांत सित पजेरो चढीरहेकै छन् ।
समाधान खोज्ने कताकता
बिदेशी ऋण भित्र्याउने शुरमा छन्
कसरी भनौं यो देशलाई शान्ति क्षेत्र ॥



Downloaded from http://www.dhamma.digital

जातक-कथा

# हिंसा रोक्ने उपाय

भिक्षु संघरक्षित संघाराम "सद्धम्म कोविद"

धेरै समय अघिको कुरा थियो । त्यसबेला बोधिसत्त्व बनारस देशका अग्रमहारानीको कोखबाट जन्मे । उहाँको नाम ब्रह्मदत्त कुमार राखियो । उहाँले तीन वेद र अठार विद्या पनि सिके । पछि उहाँलाई युवराजको पदमा राखियो ।

त्यस समयमा त्यहाँका जनताहरू देवताहरूलाई धेरै पुज्दथे । सबै देवभक्त थिए । तसर्थ उनीहरूले देवताहरूको नाममा हाँस, कुखुरा, खसि, सुंगुर, राँगो आदि निरिह प्राणीहरूलाई बलि दिन्थे । यो देखेर बोधिसत्त्व युवराज चिन्तित हुन्थे । उहाँ विचार गर्थे- म राजा भइसकेपछि यस्तो हिंसा हुनदिने छैन । धर्मपूर्वक राज्य गर्नेछु ।

एक दिनको कुरा थियो । युवराज रथमा बसेर नगर घुम्न गए । नगर घुम्दा घुम्दै उहाँले एउटा दृश्य देखे । एउटा ठूलो रुखको वरपर धेरै मान्छेहरू जम्मा भइरहेका थिए । युवराज पनि त्यहाँ नजिकै गएर हेर्न गए । अहो ! त्यहाँ त मान्छेहरू रुखलाई बृक्षदेवताको रुपमा पूजा गरेर कसैले छोरा, कसैले छोरी, कसैले श्रीमान, कसैले श्रीमती, कसले के, कसले के गरी मागिरहेका थिए । यदि त्यो माग पूरा भएमा ठूलो बलि पूजा गर्ने कुरा पनि भइरहेको थियो ।

यो देखेर युवराज पनि त्यहाँ सबैको अगाडि पुगे । उहाँले पनि बृक्षदेवतालाई अरुले पूजा गरेझैं राम्ररी भव्यरुपमा पूजा गरे । यसरी उहाँले बरोबर त्यस रुखको पूजा गर्न थाले । आफूलाई बृक्षदेवताको भक्तका रुपमा सबैलाई देखाए ।

यस घटनाको धेरै समय नबित्दै युवराजको बाबु बिते । राजाको मृत्युपछि युवराज भएका बोधिसत्त्वलाई नै राज्य प्राप्त भयो । उहाँ राजा बने ।

बोधिसत्त्व राजा भइसकेपछि उहाँले सबै ब्राह्मण पुरोहित आदि महाजनहरूलाई दरबारमा भेला पारे । त्यसपछि उहाँले सोधे- "हे महाजनहरू ! तपाईंहरूलाई थाहा छ कि कसरी यो राज्य मलाई प्राप्त भयो ?"

उपस्थित सबैले भने- "महाराज, थाहा छैन ।"

राजाले भने- "म बरोबर बृक्षदेवताकोमा गई पूजा गरिरहेको त थाहा छ, होइन ?

उनीहरूले भने- "हो, महारजा, थाहा छ र प्रत्यक्ष देखेका पनि छौं ।"

राजाले भने- "ह: महाजनहरू, बृक्षदेवताकै कृपाले आज मलाई यो राज्य प्राप्त भएको छ । राज्य प्राप्त भइसकेपछि मैले ठूलो बलि-पूजा गर्ने प्रतिज्ञा गरेको छु । त्यसैले, हे महाजनहरू, यसमा बिलम्ब नगर्नुहोस् ।"

सबैले भने- "यो त खुशीको कुरा हो, महाराज ! आज्ञा गर्नुहोस्, बलिपुजाको लागि के-के सामानहरू ठिक गर्नुपर्ला ?"

राजाले भने- "हे महाजनहरू, हे मन्त्रिगणहरू ! बृक्षदेवताको अगाडि वाचा गर्दा मैले भनेको छु- यस राज्यमा पंचदुश्शील र हिंसा कर्म अगाडि दश अकुशल गर्ने मान्छेहरू धेरै छन् । म उनीहरूको बलि-पूजा गरेर, रगत-मासु चढाएर, आन्द्राको माला लगाइदिनेछु । त्यसैले त्यस्ता मान्छेहरू जम्मा गर्नुपर्ला ।"

सबै छक्क पर्दै सोध्न थाले- "महाराज, अब के गर्नुपर्ला ?"

राजाले भने- "हे महाजनहरू, हे मन्त्रिगणहरू ! अब तपाईंहरूले नगरभरि, देशभरि-घोषणा गरिदेऊ- हे नागरिकहरू, महाराज पहिला युवराज छँदाको समयमा उहाँले आफूलाई राज्य प्राप्त भएमा पंचदु:शील मान्छेहरूलाई मारेर बलि पूजा गर्ने भाकल गरेका छन् । अब यहाँका पञ्चदु:शील तथा दश अकुशल कर्म गर्ने मान्छेहरूलाई भेला पारेर फलानो ठाउँमा बलि-पूजा गर्ने छन् ।"

राजा हो, सबैले आज्ञा मान्नैपऱ्यो । मन्त्रिगणहरूले नगरभरि, देशभरि राजाको हुकुम भएझैं घोषणा गरिदियो । सबै जनताहरूमा खलबलि मच्चियो । सबै मान्छेहरू, जो बलि दिएर आनन्दित भइरहेका थिए, तर्सिन थाले । आफूलाई राजाले अथवा राजाको मान्छेले समातेर बलि दिन लग्ला भन्ने डरले जनताहरू पंचदुश्शील तथा दश अकुशल कर्म गर्न थरथराए । उनीहरू भरसक ती पापकर्महरूबाट परै बसे । हेर्दाहेर्दै त्यस नगरमा, देशमा पञ्चदुश्शील तथा दश अकुशल कर्म गर्ने मान्छे भेट्टाउन पनि गाऱ्हो हुन थाल्यो ।

यो देखेर बोधिसत्त्व राजा साऱ्है खुशी भए । देशमा कसैलाई हिंसा नगरी, पीडा नदिई आफ्ना योजनाले जताततै शान्ति-सुव्यवस्था कायम गर्न सकेकोमा प्रसन्न भए । यसरी नै उहाँले धर्मानुसार राज्य गरी आफ्नो समय भएपछि परलोक भएर गए । ■

# पञ्चशीलको महत्व

✎ अम्बिका शाक्य

धर्मलाई अध्ययन र आचरण गर्नुलाई शील धर्म भन्ने गरिन्छ। आफ्नो शरीर, वचन र मनले कुनै पनि व्यक्तिहरूको शरीर, चित्त, धन र यशकिर्तिमा हानि नहुने गरि व्यबहार वा काम गर्नु नै शीलको अर्थ हो। अर्थात शरीर वचन र चित्तले नराम्रो र दोषयुक्त काम नगराउनु नै शील पालन गर्नु हो। अर्को शब्दमा भन्ने हो भन्ने शील भनेको हाम्रो शरीरको टाउको जस्तै हो भने व्यक्तिको शोभा बढाइदिने गहना जस्तै हो।

हाम्रो यो जीवनको हरेक पाइलामा शीलको अति आवश्यक छ। अझ आर्य मार्ग प्राप्त गर्नको लागि सबैभन्दा पहिला शील पालन गर्नु आवश्यक छ। आफुलाई शीलले बाँधिसके पछि मात्र समाधि र प्रज्ञा प्राप्तीको अभ्यास गर्न सकिन्छ। किनकी शीललाई राम्ररी धारण गर्न सक्यो भने नराम्रो र चन्चल चित्तलाई आफ्नो अधिनमा राख्न सजिलो हुन्छ।

शील भन्नाले पञ्चशील, अष्टशील र दशशील आदि छन्, तर गृहस्थीहरूले निर्दोष भइ आनन्दको जीवन बिताउनका लागि पञ्चशीललाई दिनदिनै व्यबहार वा प्रयोगमा ल्याउन सक्नु आवश्यक छ।

पञ्चशील अनुसार पाँचवटा अनुगमन गर्नु पर्ने नियमहरू यसप्रकार छन्।

(१) प्राणघात गर्ने काम छोड्ने।
(२) अरुको कुनै पनि बस्तु चोरी गर्ने बानी छोड्ने।
(३) भ्रष्टाचारि व्यभिचार गमन गर्ने काम छोड्ने।
(४) झुठोकुरा बोल्ने बानी छोड्ने।
(५) मादक पदार्थ सेवन नगर्ने।

देशका सबै ठूला बडा, सानातिना वर्गका, धनी र गरिबहरू सबै वर्गका व्यक्तिहरूले यस शीललाई पालन तथा व्यवहारमा उतारी राखेको खण्डमा देशमा कुनै किसिमका नराम्रा कामहरू जस्तै हत्या-हिंसा, चोरी डकैती, भ्रष्टाचार र व्यभिचार जस्ता कामहरू नभइ सुख र शान्ती हुन्छ होला।

शीलको मुख्य गुण भनेको दोषबाट मुक्त भई उसलाई पश्चातापबाट मुक्त पार्दछ। यस्तै शीलका अरु पनि गुणहरू छन्। जस्तै–

(१) पञ्चशील पालन गर्ने व्यक्ति बेहोशी हुन नपर्ने कारणले व्यबसायमा राम्रो सफलता प्राप्त गर्न सक्षम हुनेछ।
(२) शीलवान व्यक्तिको इमान्दारीता प्रचार-प्रसार भइरहन्छ।
(३) शीलवान व्यक्तिले निर्दोष जीवन विताइराख्ने भएकोले कुनै पनि सभा वा अन्य ठाउँमा निसंकोचरूपले बस्न सकिन्छ।
(४) शीलवान व्यक्ति होशपूर्वक देहान्त हुन्छ।
(५) शीलपालन गरिराख्ने व्यक्तिले देहान्त पछि राम्रो नाउँ प्राप्त गर्न सक्नेछ।

हरेक धर्मग्रन्थमा उल्लेख गरे अनुसार आफुले चेतना सहित गरेको कुशल वा अकुशल कर्मको फल आफैले भोग गर्नै पर्छ। पञ्चशीललाई आफ्नो जीवनमा प्रयोग नगरि मनको गुलाम बनि मनपरि अकुशल कर्महरू गरि राख्यो भने पछि गएर त्यस कुकर्मको फल भोग गर्नै पर्छ भन्ने कुरा बौद्ध ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ।

पञ्चशील भनेको मान्छे भई बाँच्नका लागि नभइ नहुने मानविय गुण हो। यही मानविय गुणबाट नै विश्वासिलो र गन्य-मान्य व्यक्ति बनाउँदै लैजान्छ।

धर्म देशनाहरू सुनेर र धार्मिक पुस्तकहरू अध्ययन गरि बुद्धि र विवेकले विचार गरि जीवनमा प्रयोग गरिराखेको खण्डमा वर्तमान जीवनमा मात्र नभइ भविष्यमा पनि सुख र शान्ती प्राप्त हुने बाटो खुल्नेछ। ■

## बुद्ध वचनहरू

○ "एकक्षण पनि चुप लागेर बस्न नमान्ने, हरदम यताउति दगुरिरहने, स्वेच्छाचारी, स्वभाव भएको, रोक्न ज्यादै कठीन भएको चित्तलाई जसले दमन गर्न सक्दछ त्यस्ताले नै सच्चा सुख पाउँदछ।"

○ "जो मानिस उद्योगी, स्मृतिवान र संयमी भएर शुभकाम गर्दै धार्मिक जीवन बिताउँदछ त्यस्ता अप्रमादी व्यक्ति नै सही रूपमा यशस्वी हुन्छ।"

○ जसरी भमराले रूप, रङ्ग केही नबिगारीकन फूलबाट रसमात्र चुसेर जान्छ त्यसैगरी मुनिजन कसैलाई कत्ति पनि बाधा नै नपारी यस लोकमा विचरण गर्दछन्।"



Downloaded from http://www.dhamma.digital

# “अभिधर्म र यस्को महत्व”

✍ प्रेमलाल चित्रकार अध्यक्ष
अभिधम्म अध्ययन समाज नेपाल

केहि बर्ष पहिले देखि धर्मकीर्ति विहारमा त्यस विहारका संस्थापक अध्यक्ष भिक्षुणी धम्मवतीज्यूको जन्मोत्सव समारोह मनाउने सिलसिलामा सात दिन सम्म श्रद्धेय भिक्षुहरूबाट अभिधर्म धर्म ग्रन्थका सात प्रकरणहरूलाई प्रत्येक दिन एक एक ग्रन्थको पाठ गर्ने गराउने गरी आएकोबाट धर्मकीर्ति विहारमा नियमित रूपमा पाल्नु हुने अनेकन उपासक र उपासिकाहरूमा अभिधर्म बारे निकै जिज्ञासाहरू बढेको सबैले महसुस गरेकै कुरो हो । यसरी अभिधर्मवारे जिज्ञासा राख्ने उपासक र उपासिकाहरूले हाल सम्म पनि सरल किसिम संग अभिधर्मको अध्ययन र अध्यापन गर्न सक्ने खाले वातावरणको विकास गर्न सकेको पाइन्दैन ।

तथागत भगवान बुद्धले आफूले सम्वोधिज्ञान प्राप्त गर्नु भएपछि आफुले प्रतिपादित धर्मलाई सबैमा जानकारी र मनन गर्न गराउन पैदल गाउँबाट गाउँमा नगरबाट नगरमा जनपदबाट जनपदमा गरी ४५ वर्ष सम्म निरन्तर रुपमा धर्म देशनाहरू गर्दै बिताइ आउनु भएको थियो ।

यसरी भगवान बुद्धले ४५ बर्ष सम्म देशना गर्नु भएको धर्म देशनाहरूलाई धर्म स्कन्धको हिसावले ८४,००० धर्म स्कन्ध भएको पाइन्छ ।

त्रिपिटक धर्म ग्रन्थमा संग्रहित यी ८४,००० धर्म स्कन्धहरू मध्ये अभिधर्म धर्म ग्रन्थमा मात्र ४२,००० धर्म स्कन्धहरू संग्रहित गरिएको पाइन्छ । नेपाली भाषामा लिखित यी धर्म ग्रन्थहरूको किताब नेपालमा उपलब्ध हुन नसकेकोबाट नेपालीहरूले अभिधर्मको मौलिक ग्रन्थहरूका अध्ययन र अध्यापन गर्न सकेको पाइन्दैन ।

त्रिपिटक धर्म ग्रन्थ थेरवादीहरूले प्रयोगमा ल्याएका बुद्ध धर्मको मुख्य धर्मग्रन्थको रुपमा लिने गरेको पाइन्छ । त्रिपिटक धर्म ग्रन्थको शाब्दिक अर्थ हो तीन टोकरी । यसरी तीन टोकरीहरूमा संग्रहित सम्पुर्ण धर्म स्कन्धहरूलाई तीन प्रकारमा विभाजन गरी विभिन्न प्रयोजनको निमित्त प्रयोगमा ल्याएको पाइन्छ ।

यसरी तीन प्रकारमा बिभाजीत गरि राखेका धर्म स्कन्धहरू निम्न प्रकारका हुन्–

**(क) सुत्त पिटक :**

सुत्त पिटकलाई त्रिपिटकको पहिलो धर्म स्कन्धको रुपमा लिने गरेको पाइन्छ । संक्षिप्तमा भन्न पर्दा, भगवान बुद्धले विभिन्न स्थानहरूमा गर्नु भएको धर्म देशनाहरूलाई यसमा संग्रहित गरिएको पाइन्छ । यसरी यसमा संग्रहित धर्म स्कन्धहरूको संख्या २१००० भएको पाइन्छ ।

**(ख) विनय पिटक :**

विनयपिटक त्रिपिटक धर्म ग्रन्थको दोश्रो भागको रुपमा चिनिदै आएको धर्म ग्रन्थ हो। यस विनय पिटकमा भिक्षु र भिक्षुणीहरूले संघमा बस्दा पालना गर्नुपर्ने विनयहरू समावेश गरिएको पाइन्छ। यस्मा संग्रहित धर्म स्कन्धहरूको संख्या पनि २१००० भएको पाइन्छ ।

**(ग) अभिधर्म पिटक :**

अभिधर्म ग्रन्थलाई त्रिपिटक धर्म ग्रन्थहरू मध्येको तेश्रो भागको एउटा महत्वपुर्ण दर्शनको रुपमा लिने गरेको पाइन्छ । भगवान बुद्धद्वारा प्रतिपादित अनेकन धर्म देशनाहरू मध्ये अभिधर्मको धर्म देशनालाई अत्यन्त गम्भिर र महत्वपुर्णको धर्म देशनाको रुपमा लिने गरेको पाइन्छ ।

दुई शब्दहरू मिलेर वनेको अभिधर्मलाई विशिष्ट प्रकारको धर्मको रुपमा पनि लिने गरेको पाइन्छ ।

वास्तवमा यस संसारको यथार्थताको सत्य र तथ्य स्वभावहरूलाई वास्तविकताको आधारमा बिश्लेषणगरी समस्तमानव मात्रलाई बुझाउन र सम्झाउन भगवान् बुद्धले अभिधर्म धर्म ग्रन्थमा चार परमार्थ सत्यहरूलाई आधार बनाउनु भै विश्लेषण गरी ब्याख्या गर्नुभएको पाइन्छ ।

यी चार परमार्थ सत्यहरू चित्त चेतसिक रुप र निर्वाण हुन् । यी सवै कारणहरूबाट अभिधर्मको धर्म

ग्रन्थलाई चार परमार्थ सत्यहरूको यथार्थ वर्णनको रुपमा पनि लिने गरेको पाइन्छ । त्यसकारण अभिधर्मका धर्म ग्रन्थलाई गम्भिराती गंम्भिरको धर्म ग्रन्थको रुपमा लिने गरेको हो ।

भगवान बुद्धद्वारा प्रतिपादीत अनेकन धर्म देशनाहरूलाई सत्यता र यथार्थताको आधारमा बुझ्न र भाविता गर्न सक्ने आवश्यक धर्म देशना नै अभिधर्मको उपदेश मानी आएको छ । अभिधर्मको राम्रो र गहिरिएर अध्ययन र अध्यापन गर्नुको साथै ध्यानभावनाको राम्रो अभ्यासको आधार विना मानिसहरूले अनित्य, दु:ख र अनात्मा बारे राम्रो बोध वा भाविता गर्न सक्ने कुरा होइन । यी सवै कारणहरूले गर्दा नै भगवान शास्ताबाट आज्ञा गर्नु भएको थियो । **"यो धम्मं पस्सति सो मं पस्सति"** अर्थात– "जस्ले धर्मलाई बुझ्छ उसले मलाई देख्दछ ।" त्यसकारण अभिधर्मको धर्मग्रन्थलाई निकै महत्वको धर्म ग्रन्थको रुपमा लिने गरेको हो । तर पनि यस किसिमको महत्वपुर्ण धर्म ग्रन्थहरूको पनि नेपालीहरूले सरल किसिम संग अध्ययन र अध्यापन गर्न सक्ने खाले वातावरणको विकास गर्न सकेको पाइन्दैन ।

अभिधर्म पिटकमा भित्र्याइएका मौलिक ग्रन्थहरू निम्न अनुसारको भएको पाइन्छ ।

(१) धम्म सङ्गणी (२) विभङ्ग (३) धातुकथा (४) पुग्गल पञ्ञति (५) कथा वत्थु (६) यमक र (७) पट्ठान । यी ग्रन्थहरूको आधारमा तयार गरिएका नेपाली भाषाका ग्रन्थहरू हाल सम्म पनि नेपालमा विकास गर्न सकेको छैन ।

अभिधर्मको धर्म ग्रन्थ अति गहन हुनुको साथै महत्वपूर्णको समेत भएकोले आचार्य अनुरुद्ध महास्थविर ले अभिधर्मको धर्म ग्रन्थलाई सरल बनाइने उद्देश्यले अभिधर्मका यी सात प्रकरणहरूको सारको रुपमा एउटा सानो पालि भाषाको ग्रन्थको रचना गर्नु भएको थियो । यसलाई उहाँले **"अभिधर्मार्थ संग्रह"** भनेर नाम दिनु भएको छ । यस धर्म ग्रन्थ पनि सवै नेपालीहरूले बुझ्ने गरी ब्याख्यात्म किसिमबाट नेपाली भाषामा विकास गरी प्रकाशनमा ल्याउन सकेको पाइन्दैन ।

अभिधम्म अध्ययन समाज नेपालले अभिधर्म धर्म ग्रन्थको नेपालमा पनि गहिरिएर अध्ययन र अध्यापन गर्न सक्ने खाले वातावरणको विकास गर्न प्रयासहरू गर्दैछ । हाल यस समाजले आफ्नो सिमित साधन, र क्षमता र समाजमा कार्यरत सहभागीरूबाट अभिधर्मबारे नेपालीहरूलाई आवश्यक जानकारी गर्ने गराउने उद्देश्य राखेर नेपाली भाषाको पुस्तक पाठकहरू समक्ष राख्न सकेको सबैमा जानकारी भएकै कुरो हो ।

बुद्ध जन्मनु भएको देश नेपालका भगवान बुद्ध द्वारा पतिपादित अभिधर्म बारेको ज्ञान नेपाली समाजमा भिज्ने गरी पुऱ्याउन र यसको गहिरिएर अध्ययन र अध्यापन गर्न गराउन अभिधम्म अध्ययन समाज नेपालले हाल गरी आएका प्रयासहरूलाई आउने दिनहरूका अरु प्रभावकारी बनाउने तर्फ, नेपालका बौद्ध विहारहरूमा जान हेर्न उपासक उपासिकाहरूको साथै धर्मको आस्था राख्ने सम्पुर्ण नेपालीहरू समेतले आआफ्नो क्षेत्रबाट आवश्यक सहयोग पुऱ्याउन कोशिस भएमा अवश्य पनि धेरै नेपालीहरूले अभिधर्मको गहिरिएर अध्ययन र अध्यापन गरी मार्ग फल प्राप्त हुने मार्गमा लाग्ने प्रेरणा दिन सक्ने निश्चित छ । यहि मेरो धर्म प्रेमी साथीहरूमा प्रार्थना पनि छ ।

"भवतु सब्ब मङ्गल"

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. ४१५

**ज्ञानशोभा ताम्राकार**

म्युजियम मार्ग

रु. १००५/-

## धर्मकीर्ति पत्रिकायात गुहाली

२०५९ साल मंगसीर २० गते, शुक्रवार ने.सं. ११२३ थिंलाथ्व सुक्लपक्ष दुतिया खुनु दिवंगत जूम्ह सानु नानी वज्राचार्यया पूण्यस्मृतिस धर्म कीर्ति पत्रिकायात रु. ५००१- गुहाली स्वरूप प्रदान यानागु जुल ।

**जहान भनक राज वज्राचार्य**, गावहाल, वंला, पुर्णचण्डि, यल ।



Downloaded from http://www.dhamma.digital

**अप्रकाशित तथागत महाकाव्यबाट धारावाहिक प्रकाशित हुने (सम्पादक)**

# प्रतिपदा–२

भूषण शर्मा हुमागाई

भाषा छ मेरो मनमा फुलेको ।
छन्दादि सारा सजिलो जडेको ॥
भावादि कच्चा कसिलो नहोला ।
स्रष्टाहरूको हृयदमा नछोला ॥
-४०-

होला बनेको अझ गर्हितै यो ।
ग्रामीण बोली सब अर्जितै भो ॥
आकार ठूलो यसको नहोला-
जे होस्, सुगाथा नव सिर्जितै भो ॥
-४१-

प्राप्तव्य मेरो धन भन्नु शान्ति ।
गन्तव्य मेरो गर भन्नु क्रान्ति ॥
दृष्टान्त सिद्धार्थ लिएर सानो ।
कर्तव्य मेरो पर गर्नु भ्रान्ति ॥
-४२-

ईर्ष्या हटाई मनमा उज्यालो,
ल्याओस् यसैले हटि दम्भ कालो ॥
श्रद्धा सबैको सबैमा उदाओस्,
पीयूष बर्सोस् छुटि दर्प जालो ॥
-४३-

ल्याएँ यिनै बुद्ध विद्वत्सभामा ।
ज्ञानी हुनन् ती अति पूज्य ज्ञाता ॥
बाँचिरहोस् यो उनको सुगाथा ।
पस्रन्छु माता पदमा हजुर्का ॥
-४४-

यी सूर्य सारा जगका उज्याला ।
यी चन्द्र प्यारा नभका सितारा ॥
यी ध्रूवतारा रहने अनन्त ।
चारै दिशा मानवमा समस्त ॥
-४५-

त्यागेर सारा घरको सुविस्ता ।
छोडेर पत्नी अनि पुत्र प्यारा ॥
देवत्व पाए तपमा डुबेर ।
द्रष्टा बने यी सबमा जुटेर ॥
-४६-

यी मान भारी वनमा फुलेका ।
यी ज्ञान भारी वनमा डुलेका ॥
यी शान भारी वनमा बढेका ।
यी ज्योति सारा जनमा जलेका ॥
-४७-

यी मुक्ति ठूला जगका प्रणेता ।
यी शक्ति ठूला नभका सितारा ॥
यी युक्ति ठूला सबमा जुटेका ।
यी भक्ति ठूला सबका विधाता ॥
-४८-

यो ग्रन्थ एउटा नव बुद्धगीत ।
बन्दो छ बुद्धागम शुद्ध गीत ॥
सारा जगत्को सुखशान्ति निम्ति ।
बन्दो छ यो पावन सद्-प्रशस्ति ॥
-४९-

पढ्नेहरूको मन शान्त पारोस् ।
सुन्नेहरूको दिल शुद्ध पारोस् ॥
धोओस् पखालोस् मद चूर्ण पारी,
यै ग्रन्थ हाम्रो मन बुद्ध पारोस् ॥
-५०-

वीणा सभामा करमा समाली,
ब्रह्मा जगत्मा मधुरस् पगाली ।
दिन्छ्यौ भनी यो पदमा म धाएँ,
सौन्दर्य वीणा धुनमा बिलाएँ ॥
-५१-

मुक्तावली झैं मनमुग्धकारी,
शब्दावली यी दिलभित्र खेलुन् ।
इन्द्रिय सारा सुबहिर्मुखी यी,
अन्तर्मुखी भै मनभित्र हेरुन् ॥
-५२-

पाएर माया सबको यसैले,
फुल्ला रमाई तब हात हात ।
बाँच्ला बचाई तरु भै बसन्ती,
बोकेर मेरो श्रम साथ साथ ॥
-५३-

– (तोटक) –

म त मूढ विभो ! नर ज्ञान नभै,
कसरी गरुँ यो पद अर्चन पो;
शिरमाथि विभो ! कर राखिदिई,
कविता सरिता अब तार विभो !!
-५४-

म त शुन्य भएँ जग शुन्य छँदा,
यसरी बुडिएँ भव सागरमा ।
कसरी कसरी अब निस्कनु हो,
कविता, अब पार निकाल विभो !!
-५५-

तम नै तमले जग पूर्ण छ यो,
जडता खलतामय मोहन यो ।
अझ मारक लूट खसोट गरी,
मनु रम्छ यहाँ नर घात गरी ॥
-५६-

कविता ! कविता ! कविता ! कविता !
गर दृष्ट सबै जगको रमिता ।
भव भाव नयाँ ललिता सरि—,
गर मार्ग प्रभा कविता सविता ॥
-५७-

कविता ! कविता ! मधु काव्य सुधा !
अभिमान झिकी भर मानवता ।
सबमा ममता समता गुरुता,
भर दान दया छर ज्ञान प्रभा ॥
-५८-

सुकथा रसिला महका रसका,
घटमा बसने मसिना सबका ।
मणिरत्नहरू बटुली बटुली,
सब अर्पिदिऊँ जगका सबमा ॥
-५९-

धनको बलमा श्रम लुट्नेहरू,
करको बलले भय भुट्नेहरू ।
अति कामुक यी लघुता मनका,
सबको हृदमा भर ज्ञान सुधा ॥
-६०-

छल धाक तथा मदलोलुपता,
कटुता मुखका पँदलोलुपता ।
गर दूर सबै पशुवत् जडता,
सबको दिलमा छर ज्ञान प्रभा ॥
-६१-

सब प्रष्ट गरी जगको रमिता,
र बहाइदिऊँ सुकथा सरिता ।
धनको ममता बलको क्षमता,
सब दर्श दिऊँ मद मोहकता ॥
-६२-

कलिका बलिका ननिका छलिका,
रिसका खुशका दुःखका सुखका ।
जुनका फुलका नभका तलका,
सब पस्किदिऊँ कविता ललिता ॥
-६३-

भय निर्भयका जय दुर्जयका,
तपसीहरूका कविता नीतिका ।
अनि जाल जुवा जगको जडता,
सब दर्श दिऊँ ममता खलता ॥
-६४-

कविता ! कविता ! कविता ! कविता !
जगकी ममता नव दीपशिखा ।
भर शक्ति ममा नद पार हुने,
जगका मनुमा नित प्यार दिने ॥
-६५-

– (इन्द्रवज्रा) –

भू-भाग ठूलो हिमको पवित्र,
आकाश छोई गिरिराज शुभ्र;
गर्छन् तपस्या ऋषितुल्य श्वेत,
सौन्दर्य सिर्जी झरने प्रपात ॥
-६६-

यो पार्वतीको रमणीय लीला,
गर्ने रमाई सुविशाल काख ।
कैलाश चोखो शिव ध्यानमग्न,
सत्कर्म खोपीकन लाख लाख ॥
-६७-

गङ्गा बहन्छिन् लटबाट ओर्ली,
धोई पखाली सुपवित्र पारी ।
छम्केर माया सबमा अनौठो,
आद्यान्त चोखो जलधार झारी ॥
-६८-

मेची र माई कमला र काली,
झर्छन् उँधै यी सब फाल हाली ।
कोशी र राप्ती सिँचने धरा यी,
आद्यान्त धर्ती सुफला गराई ॥
-६९-

मावा र बक्रा, रतुवा, चिसाङ,
भेरी, त्रिशुली, लिखु औ तमोर ।
वा कर्मनाशा सबले सिंचेर ।
यो देश फुल्दो छ सदा रमेर ॥
-७०-

नारायणी वागमती सुनाम,
सिर्जी अनौठा सुख स्वर्ग धाम ।
इन्द्रावती सुन्दर नृत्य गर्छिन्,
कृष्णा कुँदी बग्छिन् शालिग्राम ॥
-७१-

सेती बहन्छिन् सब दुग्ध पोखी ।
खेल्दै कतै भूतल गर्भ खोपी ॥
मानो लजाई अलिबेर लुक्छिन् ।
लुक्नै नसक्दा अनि फेरि खुल्छिन् ॥
-७२-

सौन्दर्य फुट्दो नित पात पात,
माधुर्य जुट्दो परिवेश खास ।
स्वर्गीय शोभा हिमशैल हाँसी,
बास्निरहन्छिन् नित फूल साँची ॥
-७३-

ठाडो दरौंदी मनकामनाको,
सेवार्थ बग्दो चिरकाललाई ।
सिर्जन्छ नौलो अभिराम शोभा,
मर्स्याङ्दीमा जब मिल्छ आई ॥
-७४-

चेपे छ खोलो अझ वेगवान,
पानी उफन्दो तटमा समान ।
बन्दो सिमाना दुइ भाइभित्र,
नैसर्गिकी यो इतिहास चित्र ॥
-७५-

सौन्दर्य खानी दह सिर्जिएको,
रारा र फेवा रचि स्वर्गद्वारी ।
गोसाइँ चोखो शिवजी सुतेका,
मानो धरा नाच्न सधैं तयारी ॥
-७६-

सोन्दर्य सज्दो छ दिपाङताल,
सङ्गीत भर्दो नव वेगनाश ।
आनन्द रच्दो छ रुपालताल,
गर्दो छ स्वर्गै चिर अङ्कमाल ॥
-७७-

माई, छु-रोल्पा अनि ज्ञान कुण्ड,
रानी, कुभिण्डे दह कल्छुमान ।
कुण्डादि धेरै हिमताल हेर,
खास्टे र मैदी तिलिचो, बराह ॥
-७८-

नाचेर झर्ने छहरा अनन्त,
गाएर डाक्ने कुसुमी वसन्त ।
खोला र नाला वसुधा छ टम्म,
दैवी छटा यो भरिँदो अचम्म ॥
-७९-

फैली अनन्तै सुविशाल नागी,
रच्दो छ चौरै अनि सौम्य झाडी ।
माया अनन्तै वसुधा मुमाको,
नेपाल सुन्दर सब शान्त भारी ॥
-८०-

ओढार धेरै अति गूढ तत्व,
व्यासादि औ गोरखनाथ तप्ने ।
खानी कतै सम्पद ताम्र स्वर्ण,
राँको बली हर्दम ग्यास रिस्ने ॥
-८१-

अग्ला सुनौला गिरि उच्च भाल,
खिँच्दै उभेका तल यो विशाल ।
पाखा पखेरा दिई दिव्य शोभा,
सीमा बनी उत्तरमा हिमाल ॥
-८२-

ल्होत्से र न्हुप्से नग अन्नपूर्ण,
आकाश चुम्दो अझ एभरेष्ट ।
हाम्रा यिनै सौरभ शक्तिपुञ्ज,
छाती यही गौरवले चुलिन्छ ॥
-८३-

क्रमशः......



Downloaded from http://www.dhamma.digital

# आफ्नो क्रिया खर्च पनि समाज सेवामा समर्पण

"अब म त कति बाँचुँला र ? तर मरेर गएपछि समाजका लागि केही गरेर जान पाए समाजले सम्झन्थ्यो, पुण्य हुन्थ्यो"- यो भनाई थियो ८४ वर्षिय वृद्ध समाजसेवी भुयुमान लिगलको । उनी समाजप्रति समर्पित हुन चाहन्छन् । त्यसैले सम्पत्तिको हिस्सा मात्र होइन सामाजिक रुपमा चलिआएको प्रचलन समेत त्यागेर त्यसका निमित्त खर्चिने खर्च समेत समाजलाई अर्पण गर्छन् । त्यसैले त उनले प्रचलन समेत लत्याएर चौरासी पूजा पनि नगर्ने भएका छन् । त्यसैले गर्दा चौरासी पूजा गर्दा लाग्ने अनुमानित २५ हजार ५ सय २५ रुपैयां अपाङ्ग जेहेन्दार छात्रछात्राका लागि त्रिभुवन क्याम्पसको निमित्त अक्षयकोष खडा गरी समर्पण गरे ।

सुन्दा अचम्म लाग्छ उनी आफू मर्नु अघि नै लाग्ने क्रिया खर्चको अनुमानित रकम ५० हजार ५ सय रुपैयां समेत हिसाव किताव गरी वृद्धाश्रम बनाउने अठोटका साथ लागिसके । उनले मरेपछि क्रिया गर्न पर्दैन भनेर छोराहरूलाई बताउँछन् ।

लिगल भन्छन्-"चौरासी पूजा गरेर अरुलाई भोज खुवाएर के हुन्छ ? एकछिन रमाइलो होला, खान पाउँदा इष्टमित्र रमाउलान्, तर त्यही पैसाले कसैले पढ्न पायो भने त्यसको भविष्य बन्छ । बृद्धाश्रम खोले भने त्यहाँ बस्नेले मलाई सम्झन्छन्, त्यही नै पुण्य हो ।"

तानसेन नगरपालिका-७ कैलाशनगरमा वि.सं. १९७७ साउन महिनामा जन्मेका लिगल वि.सं. २००० तिरबाट समाज सेवामा लागेका हुन् ।

२०२७ सालमा राजा महेन्द्रसंग पाल्पाको खानेपानी समस्या समाधान गरिदिनुपर्‍यो भनी टोपी थाप्दै उनले खानेपानीको माग गरे । त्यस्तै २०४६ फागुण ६ गते वीरेन्द्र राजासंग श्रीनगर डाँडामा कृत्रिम ताल निर्माण गर्न सहयोग पाउँ भनी बिन्ती जाहेर गरे । उनले विन्ती गरेका खानेपानी समस्या झुल्के खानेपानी आयोजना निर्माण पछि केही हद सम्म समाधान भयो भने श्रीनगरमा कृत्रिम ताल निर्माणाधीन अवस्थामा छ ।

थुप्रै समाजसेवा कार्य गरेका लिगलले वि.सं. २०२४ सालमा तत्कालिन प्रधानमन्त्री सूर्यबहादुर थापासंग तत्कालीन नगरपञ्चायतको वडाध्यक्षको हैसियतले विजुली बत्ती बाल्न जेनेरेटर ल्याई विशेष भूमिका निभाएका थिए ।

उनी चिन्ता व्यक्त गर्छन्- "अहिलेको पुस्ताले समाजप्रति चिन्ता गर्दैन, आफ्नै उन्नति र प्रगतिमा लाग्छ, त्यसैले पहिले समाजबारे सोच, समाज बने पो तिमी बन्छौ ।"

पाँच पुत्र २ पुत्रीका पिता भुयुमानले २०५४ सालमा उनकी श्रीमती मायादेवीको निधन हुँदा क्रिया गरिरहेका पुत्रहरूलाई क्रियास्थलबाट उठाएर वनदेवीमा लगी बाटो खन्न लगाए । उनी त्यो क्षण सम्झँदै भन्छन्- "दान पुण्य गर्नुभन्दा क्रिया बसेकै बेला बाटो खनेमा समाजले पाउँछ भनेर यसो गरेको हुँ ।

उनी पञ्चायतकालमा एकपल्ट तानसेन नगर पालिकाको उपप्रधान पञ्च पनि भएका थिए । त्यसबेला श्रीनगर गणेशस्थानदेखि गोर्खेकोट- चिलाङ्दी हुँदै सिद्धार्थ राजमार्गमा जाने मोटर बाटो निर्माण गरे ।

पर्यटक आकर्षणको निम्ति आफ्नो र अरु दाताहरूको सहयोगमा "मायाको चौतारी" नामक चौतारी निर्माण गरी त्यहाँ बुद्धको मूर्ति स्थापना गरी ठाउँ ठाउँमा बस्नका लागि कुर्सी, बेन्च निर्माण गरेका छन् ।

श्रीमतीका नाममा यहाँका तीनवटा स्कुलमा ५ हजार ५ सय रुपैयाँको अक्षयकोष स्थापना गरेका छन् । त्यस्तै आफ्नो निवासस्थानमा राष्ट्रिय विभूति शंखधर साख्वाको सालिक बनाएका छन् । उनको समाज सेवाको कदर पनि भएको छ । महेन्द्र आदरपत्र (२०२३) महेन्द्र रत्न भूषण (२०२४), गोरखा दक्षिणबाहु (२०४७) बाट विभूषित भएका भुयुमान लिगल तानसेन गुठी, मैत्रीक्लव तानसेन, द रेयुकाई नेपाल, तानसेन नगरपालिका, त्रिभुवन बहुमुखी क्याम्पसबाट पटक पटक सम्मानित भएका छन् । *साभार- नेपाल समाचार पत्र (५।७।२०६०)*

# मेरो विचारमा भिक्षु अश्वघोष महास्थविर

✍ **लेखबहादुर राउट**, ध्यानकुटी, बनेपा ।

बनेपा नगरपालिकाको उत्तरपट्टि ध्यानकुटी विहार अवस्थित रहेको छ । यस विहारको संरक्षण समितिका अध्यक्ष भिक्षु अश्वघोष महास्थविर हुनुहुन्छ । विशाल हृदय, धर्मात्मा तथा अरुको उपकार गरी खुशीको अनुभव गर्नुहुने व्यक्तिका रुपमा चिनिनु हुन्छ उहाँ । उहाँको मातहतमा हाल ध्यानकुटी विहारमा बाल आश्रम पनि खोलिएको छ । यस बाल आश्रममा १२ जना बालिकाहरू रहेका छन् । यस विहारमा उहाँ हप्ताको ४,५ दिन बस्नु हुन्छ ।

मैले पनि उहाँको छत्रछाँयामा बस्ने अहोभाग्य पाएको छु । यसको श्रेय गौरी मानन्धरलाई छ । उहाँजस्तो व्यक्तिको सहयोग पाउने मौका पाएकोमा मलाई ज्यादै खुशी लागेको छ । म उहाँबाट धेरै प्रभावित भएको छु । उहाँले मलाई कुनै बेला ज्ञानले भरिपूर्ण कथाहरू पनि सुनाउने गर्नुहुन्छ । म जस्तो व्यक्तिले उहाँ जस्तो विशाल हृदय भएको व्यक्तिको मार्गदर्शन पाउनु भाग्यको कुरा हो । उहाँ मेरो लागि एक आदर्श व्यक्तित्त्व हुनुहुन्छ । उहाँको सहयोगले आज मैले मेरा पाइलाहरू क्रमशः अगाडि बढाउने मौका पाएको छु ।

भन्तेहरू सबै एउटै स्वभावका हुँदा रहेनछन् । किनभने कोही भन्तेहरू शीललाई ख्यालमा राखी संयमपूर्वक आफ्नो मार्गमा लाग्ने छन् भने कोही चाहिं शीललाई पन्छाई मनपरि हिंड्ने भन्तेहरू पनि नभएका होइनन् । तर जे होस् नेपालका अन्य आदर्शवान् भिक्षुहरू मध्ये एकको रुपमा चिनिनु हुने भिक्षु अश्वघोष महास्थविरलाई मैले हरेक दृष्टिकोणले पूज्य मान्दछु । उहाँको हँसिलो अनुहार, निश्छल व्यवहार, अरुलाई सहयोग गर्ने भावना सहितको, आफ्नो व्यवहारले अरुलाई मन्त्रमुग्ध पार्ने आदि जस्ता थुप्रै गुणहरूले भरिपूर्ण हुनुभएका भन्ते अश्वघोष हुनुहुन्छ । आफुले जे कुरा बोल्यो त्यसलाई पूरा गरी छोड्ने उहाँको परिपाटी छ । कसैले केही कुरा सोध्यो भने ६ महिना पछि मात्र त्यसको उत्तर दिनुहुने कुनै भन्तेहरू पनि हुनुहुन्छ भने भिक्षु अश्वघोष समक्ष जतिखेर सोधिन्छ त्यति खेरनै उत्तर दिने गर्नुहुन्छ । उहाँको यस्तो अमूल्य गुणहरूलाई म नमरुञ्जेल सम्झिरहने छु । उहाँले मेरो तर्फबाट जुन सपना देख्नु भएको छ, त्यस सपनालाई मैले पूरा गरेरै छोड्ने छु ।

अन्तमा म पूज्य भन्तेलाई सुस्वास्थ्य एवं दीर्घायु कामनाका साथै त्रिरत्न वन्दना गर्दछु । ■

## मलाई प्रेरणा मिल्यो

✍ **चित्र रत्न शाक्य**

कमल तिमी किचडमा उम्रयौ
र वाहिर हावामा फुल्यौ
किचड दुर्गन्ध र कालो छ
तिमी सुगन्ध दिने उज्यालो छौ

किचड कसैको निम्ती प्रिय पनि छ
सुंगुर किचडमा रमाएर लुटपुटिन्छ
उसलाई त्यो दुर्गन्ध लाग्दैन
जिउमा लटपटिंदा घीन लाग्दैन

हिलो नै सुंगुरको सुख हो
हिलो नै उसको दिव्य श्रृङ्गार हो
हिलो देखि बाहिरको दिव्य रुप र सुखसंग
उ बिल्कूल बेखवर छ

संसार पनि किचड नै हो रे
म संसारमै जन्मेर हिलो मै रमाईरहेको छु
सुंगुर झैं कान्तिहीन र फोहरी छु होला
यो कुरा देखि म वेखबर छु

कमल र बुद्धत्वमा
कति समता छ
कलाकारले बुद्धलाई
कमलमै विराजेको छ

मिल्यो मलाई प्रेरणा मिल्यो
शीलको जरा, समाधिको डाँठ हाली
प्रज्ञाले युक्त भई, संसार देखि अलग
हिलो माथि कमल झैं फुल्न सक्छु,
खुल्न सक्छु



Downloaded from http://www.dhamma.digital

# शान्ति

*सहभागीहरू-*

आयोजक ज्यू ! हामी त यस कार्यक्रमको लागि नयाँ सहभागी पर्‍यौं । तपाईंहरूको छलफल कार्यक्रम निरन्तर रुपमा चलिरहेको राम्रो सफलता ठान्दछौं । धर्मकीर्ति पत्रिका अध्ययन गरेको कारणले हामीले यो कुरा थाहा पाएका हौं । हामी पनि धर्म सम्बन्धी केही ज्ञानगुणका कुराहरू थाहा पाउने आशाले आज यहाँ सहभागी भएका छौं ।

*आयोजक-*

हुन्छ नि ! हामीलाई पनि खुशीलागेको छ, यहाँहरू जस्तो धार्मिक जिज्ञासुहरू संग भेट्न पाएकोले । अब तपाईंहरूको जिज्ञासा के रहेछ जानौं न त ।

*सहभागी-*

हाम्रो देशको वर्तमान अशान्ति गरीबि निवारण गर्न सके शान्ति हुनेछ भन्ने सल्लाह दिनेहरू थुप्रै पाइएको छ । तर मलाई शंका लाग्छ के गरीवि निवारणले मात्र यो अशान्ति निर्मुल हुन सक्ला र ?

*आयोजक-*

अति सान्दर्भिक प्रश्न उठाउनु भयो नि यहाँले । हुनत हाम्रो विचारमा पनि सर्वप्रथम गरीबि निवारणलाई प्राथमिकता दिनु पर्ने नै देखिन्छ । तर गरीबी निवारण पछि मानिसहरूमा महत्त्वाकांक्षी भावना चाहिं विल्कुल रहनु हुँदैन । अर्को अर्थमा भन्ने हो भने आधारभूत आवश्यकता परिपूर्ति भइसकेपछि पनि सुविधामुखी र विलाषी जीवनको लोभी बनी स्वार्थी बन्न हुँदैन । आफ्नो इच्छालाई अति मार्गमा पठाउन हुँदैन । आफूमा हरेक क्षण आइरहने अहंकारीपना र शोषण गर्ने भावनालाई होशियारीपूर्वक हटाइरहने बानी बसाल्नु पर्दछ । सम्यक दृष्टि अर्थात् हरेक क्षेत्रमा ठीक तरिकाले बुझ्ने बानी बसाल्नु पर्दछ । शान्तिको लागि गरीबि निवारण एक ठूलो अंग हो । २५ सय बर्ष पहिले नै बुद्धले भन्नुभएको छ- "अपराधको मूल कारण नै गरीबी हो । भोकाएको मानिसमा सहनशीलता, त्यागभावना, सेवाभाव आदि मानविय गुणहरूको अभाव हुन सक्दछ । उसको चेतना शक्तिमा ऱ्हास आउने कारणले उसले ठीक तरीकाले बुझ्ने क्षमता गुमाउन पुगेको हुन्छ । भोकाएको शूरमा उसले अनेक विकृतीहरू पैदा गर्न थाल्नेछ । त्यसकारण मानिसलाई खाना, कपडा, बस्ने ठाउँ र औषधी आधारभूत आवश्यकताको रूपमा परिपूर्ति भइरहनु अत्यावश्यक छ ।

यस बाहेक एक मानिसको सफल जीवनको लागि उसको वरिपरि झगडालु र बेइमान व्यक्तिको उपस्थिति हुनु हुँदैन । उसको नजिक रहन सहन गर्ने व्यक्तिहरू विचार मिलेको स्वस्थ मनोभाव भएको व्यक्ति हुनु अत्यावश्यक छ । यस्तो हुन सकेमा मात्र शान्तिको अनुभव गर्न सकिने छ ।"

*सहभागी-*

एकदम ठीक कुरा गर्नु भयो यहाँले । हुन पनि हो शान्ति शब्द जप गर्नको लागि त पक्कै पनि होइन । शान्ति त मनले अनुभव गर्ने चीज हो नि । मनले शान्ति प्राप्त गर्नको लागि त बुद्धले २५०० वर्ष पहिले नै उपाय पत्ता लगाएर हामी सामु राखिसक्नु भएको रहेछ । हामीलाई यस उपायलाई अपनाउन नसक्नु हाम्रो नै भूल रहेछ । चित्त बुझ्यो मलाई यो उपाय त ।

अर्को एक प्रश्न पनि यहाँ समक्ष प्रस्तुत गर्न मन लागिरहेको छ मलाई । श्रामणेर प्रव्रज्या र उपसम्पदा शब्दमा के फरक रहेछ वताइदिनु हुन्छ कि ?

*आयोजक-*

ल सुन्नुस् है त ? घरबार त्याग गरी त्यागी वस्त्र (पहेंलो वस्त्र) पहिरी शील पालन गर्दै त्यागी जीवन विताउने अवस्थालाई श्रामणेर प्रव्रज्या भनिन्छ । यसरी प्रव्रज्या ग्रहण गरी उमेरले २० वर्ष पुगे पछि मात्र उपसम्पदा दिक्षा दिइन्छ । उपसम्पदा दिक्षा लिइसकेको व्यक्तिले मात्र भिक्षु संघको सदस्यता प्राप्त गर्न सकिनेछ । उपसम्पदा दिक्षा पाइसके पछि मात्र त्यस व्यक्तिको भिक्षुत्त्व पूरा हुनेछ ।

अर्को शब्दमा भन्ने हो भने श्रामणेर प्रव्रज्या ग्रहण गर्ने व्यक्तिले १० वटा मात्र नियम पालन गरे पुग्छ । तर उपसम्पन्न भइसकेको भिक्षुले २२७ वटा नियमहरू पालन गर्नुपर्ने हुन्छ ।

*सहभागी-*

आजभोली पनि भिक्षुहरूले २२७ वटा नै नियम पालन गरि राख्नु भएको छ त ? मेरो विचारमा त यी

सबै नियमहरू पालन गर्ने भिक्षुहरू खोज्न कठिन होला जस्तो लाग्छ ।

*आयोजक-*

त्यसो त ग्यारेन्टी साथ भन्न मिल्दैन होला । पालन गर्नेले गरिरहेकै होलान् । नगर्नेले नगर्लान् । यसमा हामीले टाउको दुखाइरहनु आवश्यक छैन । हाम्रो मुख्य लक्ष्य त बुद्ध शिक्षालाई आफुले पालन गर्न सकिराखेको छ वा छैन, त्यसमा सचेत रहनु हो । किनभने आफू शुद्ध बन्न सकेमा मात्र त्यसको फल आफैले पाउने हो नि होइन र ? अरुलाई मात्र हेर्ने बानी बसाल्ने कार्यले आफूलाई शुद्ध पार्न सकिने होइन । बुद्धको यो शिक्षालाई भित्री मनले बुझ्न सकेमा आपसी वैमनष्यता विस्तारै हट्ने छ जस्तो लाग्छ । अरुको खोट, र दोष नियाली दिन बिताउने बानी पनि आज भोलीको अशान्तिको विभिन्न कारणहरू मध्ये एक कारण हो जस्तो लाग्छ हामीलाई । त्यसैले हामी सबैले आआफ्ना कमी कमजोडीहरूलाई केलाउँदै हटाउन सके बुद्धले देखाउनु भएको सम्यक दृष्टिलाई पछ्याउन सक्नेछौं जस्तो लाग्छ ।

*सहभागी-*

हो त नि ! होश पुऱ्याउन नसकेपछि मन त्यसै चिप्लिएर जाँदो रहेछ । आयोजकज्यूको सल्लाह राम्रो लाग्यो हामीलाई । ज्यादै चित्त बुझियो हामीलाई । धन्यवाद छ यहाँलाई । अर्को पाली अर्कै जिज्ञासा लिएर आउने छौं । आजलाई विदा । ■

## जन्म, जीवन व मरण

✍ हिरण्यराज बज्राचार्य, ल.पु. भिंछेबाहाल

ध्व भव सागरे जन्म कयापिं फ्री सकसिनं ।
ध्व मनुष्य जीवन दुर्लभ धका सिइके फेक्येगु ॥
जन्म मरण या बिचे कठिन जीवन हने मा:गु ।
प्रकृतिया नियम रे जन्म लिपा मरण ज्वी हे मा:गु ॥
सीकि, कालं सुइत मतोतुगु न राजा, न रंक यात ।
न धनी, न गरीब, न दु:खी, नसुखी यात हे ॥
थये काल यागु थे सकलसितं समान व्यवहार ।
ध्व भवे आतक नं सुइके हे मदुगु खनि ॥
जन्मलिपा फीसं बुलुं हे फ्रीगु जीवन हने हे मागु ।
गबलें दु:ख सा गबलें सुख-कुमाया घ:चाथे ॥
पालंपा सुख दु:खया जीवन चक्र हिला चोनिगु ।
अयनं मनुखं छाय् मचायुकेगु ज्वी न्है ॥
जन्म मरण या बीचे कठिन जीवन फ्रीगु ।
सुख स्वये बलेनं दु:ख अप्पो ज्वीगु ॥
दु:खे क्वयेगु सुखे न्हिलेगु याये मज्यूफीसं ।

उकिं

बुद्धया चतुरार्य सत्य फ्रीसंसिइकेमा:गु ।
तृष्णा याना हे फ्रन फ्रन दु:ख ल्यू ल्यू वैगु ॥
अय् नं छाय् न्है ध्व भव सागरे च्वं पिसं ।
अप्पोयाना लोभी लालच, स्वार्थी चित्त जुया ॥
थ: जक हे सुख सयलं चोनिगु स्वैगु ।
जन्म लिपा मरण वै हे तिनी धका छाय् मने मत:गु ॥
थ: ज्यूसा मेपिन्त न्ह्याग्गुजूसां थ:जू थैगु भापिगु ।
आला मजिल न्है फ्री सकसिनं बुद्धयागु मूल शिक्षा ।
काय, वाक, चित्त शुद्धयाना, चट्ट तृष्णा मूल तोतेनु ॥
इमान्दारी जीवन हना फ्रीसं निर्वाण लाकेनु ।

## बुद्ध छन्त गन मालेगु ?

✍ राजा बज्राचार्य

युवा बौद्ध समूह, यें ।

धाइ मनुष्य जन्म दुर्लभ
बुद्धला फ्रनहे दुर्लभ ख: ।
अथेमं बुद्धयात मालेगु
कुत: थन जुया च्वनीगु ।

दे दुने पिने हलिमय् न्यंकं
अशान्ति न्यनावना च्वंगु खंकं
ल्व:मनी गथे शान्ति पथ प्रदर्शक
फ्रीगु नुगलं महामानव बुद्ध ।

हिंसा आतंक भयभित जुया:
शान्ति शान्ति धका: जक हाला:
बुद्धया शिक्षां बंचित जुया:
वइमुख शान्ति न्यासिवया: ।

शान्तिया निम्तिं बुद्धं व्यूगु
शान्ति मार्गय् थ: मन्ह्यायकं
अशान्ति जुल धका: हालेवं
बुद्धं थन दर्शन वीला ?

बुद्धं व्यूगु उपदेश कथं
'धर्माचरण' हे बुद्ध ख:सा
हानं छाय् हालाच्वने मा:गु
बुद्ध छन्त गन मालेगु ?



Downloaded from http://www.dhamma.digital

# बुद्ध र शान्ति

✍ **पुरुषोत्तम पोखरेल**, खा.न.पा.-४, गैरीपाड्मा
हाल- श्री सरस्वती मा.वि. चैनपुर

सत्य र शान्तिको विगुल फुकेर
एशियाका तारा बनि. रह्यौ
विश्वको वारुदी परिवेसमा पनि
शान्लि र अहिंसाका उद्घोषहरू
मानव मष्तिस्क भित्र विश्वमा
शान्तिका आवाजहरू बुलन्द गऱ्यौ
त्यसैले
समय सापेक्षतमा मौलाई रहेछन् शान्तिहरू
बुद्धको बुद्धत्वको खोजी छ विश्वमा
विश्वको मानचित्र भित्र
हजारौं मष्तिस्कका धनीहरू
अघिपछि अघिपछि गरीगरी
उदाइ रहेछन्, अस्ताइ रहेछन्
तर
तिनीहरूका चिन्तन र व्यवहार
आहार विहार अनि संस्कार
आफ्नै आफ्नै मात्र रहेका छन्
देखावटी साझा सपनाहरू बोकेर
सानासाना बालकहरूले झैं
लुकामारी खेली रहेछन्
आँखा खुलाउन बालकहरूका
बुद्धको सधैं खाँचो छ
शान्तिको सधैं खाँचो
विश्वको शिर सगरमाथा
प्रकृतिको सौन्दर्यताको प्रतिक नेपाल

अहिंसा शान्तिको वुलन्दिको नेपाल
नदीहरूको शीतल जलको नेपाल
कस्तुरीका सुवासले मगमगाएको देश
सुनाखरी चाँप र लालीगुँरासका
ढकनीले ढाकिएको नेपाल
संसार भरि शान्तिको विउछर्ने
भगवान बुद्धको नेपाल
बुद्धका बुद्धत्वका प्रभावले
सत्संग अनि सत्कमले
दरवार अनि तरवारको वास्ता नगरी
सुरा र सुन्दरीका मायाजालमा नपरी
शकुनीका जालमा नफसी
दुर्योधनका क्रोधमा नजली
शान्तिका ज्वालालाई दनदनी दन्काउँदै
एक्काइसौं शताब्दीमा जलेको मुटुको ज्वालालाई
बुद्धत्वका शान्तिका लप्काले निभाउँदै
नेपाल र नेपालीको गौरव वढाउँदै
बुद्धका ज्ञानहरू यस ब्रह्माण्डमा रोप्नु छ
ज्वालाले जलेको संसारलाई
शान्तिको शान्तिले शान्त पार्नु छ
बुद्धका ज्ञानहरूलाई विश्व भरी नै
शान्तिका लागि छर्नु छ
ज्ञानी होउँ सधैं हामी, बुद्ध जस्तै सधैं भरी
शान्ति रोपौं रोप्दै विउ, लटरम्म फलिफूली
नमः बुद्धाय:

Dhamma.Digital

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनीवारिय कार्यक्रम

### धुताङ्ग शील

रिपोर्टर- श्यामलाल चित्रकार।

२०६० साल कार्तिक १४ गते शनिश्चरवारका दिन "**धुताङ्ग शील**" विषयमा श्रद्धेय कुसुम गुरुमांले प्रवचन दिनु भएको थियो।

धुताङ्ग शील भन्नाले खासगरी भिक्षुहरूले दृढ निश्चयका साथ जीवनभर पालन गरिने केहि कष्टकर आचरणहरू हुन्। धुताङ्ग शीललाई धुतधर्मपनि भनिन्छ। धुत धर्म पालन गर्ने भिक्षुहरूलाई धुतवादी भनिन्छ। महाकाश्यप महास्थविर, बकुल्ल स्थवीर, उपनन्द शाक्य पुत्र, लालुदायी स्थवीर इत्यादी धुत धर्म पालन गर्नेमा प्रशिद्ध थिए। धुतको शाब्दीक अर्थ धूलो हो तर यहाँ धुत भन्नाले क्लेश, मानसिक विकार भन्ने बुझिन्छ। मानसिक विकार हटाउन धुताङ्ग शीलका निम्न १३ वटा अङ्गहरू मध्ये कुनै कुनै वा सबै पालना गर्ने गर्दछन् :

(१) पासुकुलिकाङ्ग - (धूलोमा फालिएको बस्त्र) पांसुकल चीवर मात्र लगाउने।
(२) त्रैचीवरिकाङ्ग - संघाती, उतरासंघ र अन्तरवासक गरी तिनवटा चीवर मात्र लगाउने।
(३) पिण्डपातिकाङ्ग - भिक्षाटन गरी मात्र खाने।
(४) सौपदान चारिकाङ्ग- लाइनमा भिक्षाटन गर्ने
(५) एकासनिकाङ्ग - एउटै आसनमा मात्र वस्ने
(६) खलुपच्छामत्तिकाङ्ग - एउटा भाँडामा एक चोटीमात्र खाने।
(७) पात्रपिण्डिकाङ्ग - एउटा पात्र वा भाँडामा मात्र राखी खाने।
(८) अरण्यकाङ्ग - जङ्गलमा मात्र बस्ने
(९) बृक्षमुलिकाङ्ग - रुमखुनीमात्र बस्ने
(१०) अभ्यतकासीकाङ्ग - खुल्ला ठाउँमा बस्ने
(११) मसानि काङ्ग - मसानमामात्र बस्ने
(१२) यथा संस्थारिकाङ्ग - जस्तो आसनप्राप्त भयो त्यही आसनमा संतोष भई बस्ने
(१३) नेसाद्यीकाङ्ग - लेटेर नसुत्ने।

### ३१ भूवनका यात्रीहरू

रिपोर्टर- श्यामलाल चित्रकार

२०६० साल कार्तिक २२ गते, शनिश्चरवारका दिन "**३१ भूवनका यात्रीहरू**" विषयमा श्री मदन रत्न मानन्धरले श्रोताहरूको माझमा छलफलको माध्यमबाट प्रस्तुत गर्नु भएको थियो।

सत्व अथवा प्राणीको किसिम र स्तर अनुसार ३१ प्रकारका समुहमा विभाजन गरिएको बौद्ध ग्रन्थमा पाइन्छ। ती ३१ प्रकारका प्राणी समुहहरूलाई ३१ वटा भूवन पनि भनिन्छ। मानिस एउटा यस प्रकारको प्राणी हो जो आफ्नो कर्म अनुसार ३१ प्रकारका भूवनमा यात्रा गरिरहन्छ। साथै मानिसमै ३१ प्रकारका प्राणीहरूको गुण अवगुण निहित हुन सक्छ। ३१ प्रकारका भूवनहरूलाई मुख्यतया निम्न ४ प्रकारमा विभाजन गर्न सकिन्छ–

(१) दुर्गति अपाय भूवन - ४ वटा
(२) काम सुगति भूवन - ७ वटा
(३) रुपावचर भूवन - १६ वटा
(४) अरुपावचर भूवन - ४ वटा

४ वटा अपाय भूवनका प्राणीहरूले साह्रै दुःख कष्ट भेल्नु पर्ने हुन्छ भने ७ वटा काम सुगति भूवन मध्ये मनुष्य भूवन वाहेक ६ वटा देव भूवनमा रहने देवताहरूले स्वर्गीय आनन्द भोग गरीरहेका हुन्छन्। रुपावचर र अरुपावचर भूवनमा बस्नेहरूले स्वर्गीय आनन्द भन्दा माथिल्लो स्तर ब्राह्मीय आनन्दको सुख भोग गरिराखेका हुन्छन्। मनुष्य लोकमा जाने सुखी हुन्छ नजाने दुःखी हुन्छ। भगवान बुद्धले उपदेश दिने ठाउँ पनि मनुष्य लोक हो र बुद्ध हुन पनि मानिस भएर जन्मनु पर्दछ।


Downloaded from http://www.dhamma.digital

## शुद्ध र असल मानिसको अभाव

रिपोर्टर- श्यामलाल चित्रकार

२०६० साल मार्ग ६ गते शनिश्चरवारका दिन श्रद्धेय अश्वघोष भन्तेले भगवान बुद्धको उदपेशलाई अति सरल र व्यवहारिक ढंगले व्याख्या गर्नु भयो ।

**किच्छो मनुस्स पटिलामो, किच्छं मच्चान जीवितं ।**
**किच्छं सद्धम्म सवणं, किच्छो बुद्धान उप्पादो ॥**

अर्थ:

मनुष्यत्वलाभ गर्न गाऱ्हो छ, नमरुञ्जेल बाँच्न पनि गाऱ्हो छ,

शुद्ध धर्म सुन्न पाउनु गाऱ्हो छ र बुद्ध उत्पन्न हुनु पनि गाऱ्हो छ ।

योग्य मानिस भई जन्मन पाउनु सौभाग्यको कुरो हो । कोहि मानिस भएर जन्म लिए पनि मानिस हुनुपर्ने अङ्गहरू पुरा नभएको हुन सक्छ । अन्धा बहिरा आदि अङ्गपुरा नभएका मानिसहरू पनि धेरै छन् । त्यस्मा पनि मानविय गुणहरूले युक्त मानिस पाउनु अति कठीन छ । मनुष्य लोकमामात्र धर्म सुन्न पाउँछ । यो मनुष्य लोकमा धेरै धर्मगुरुहरूले थुप्रै धर्महरू प्रचार गरे र गर्दैछन् पनि । त्यसमध्ये अन्धविश्वासी, उत्ताउलो, अव्यवहारिक, अवैज्ञानिक कुराहरू पनि धर्मको नाउँमा आइरहेको देखिन्छ अरुको र आफ्नो हित सुख हुने, कसैलाई हानी नोक्सान नहुने शुद्ध धर्म सुन्न पाउनु पनि सजिलो छैन । मानिस भएर जन्मे पनि मानिसमा हुनुपर्ने अङ्ग पूर्ण नहुनु, मनुष्यत्व गुण धर्म नहुनु र शुद्ध धर्म सुन्न नपाउनु माहौलमा जीविका गर्नु पनि धेरै गाह्रो छ । यो संसारमा बुद्ध उत्पन्न हुनुपनि धेरै गाह्रो छ । दश पारमीता पुरा गरी मात्र गौतम बुद्ध जन्मनु भएको थियो । मानिसलाई असल मान्छे बनाउन सजिलो उपाय बुद्ध शिक्षा हो ।

### स्वागत कार्यक्रम

स्थान- धर्मकीर्ति विहार ।

म्यानमार सरकारबाट नेपालका लागि हालै नव नियुक्त हुनुभएका राजदूत मिन्ट-स्वेलाई धर्मकीर्ति विहारले एक स्वागत कार्यक्रमको आयोजना गरी स्वागत गरिएको थियो । उक्त कार्यक्रममा धर्मकीर्ति विहारका अध्यक्ष धम्मवती गुरुमांले नवनियुक्त राजदूतलाई स्वयम्भू चैत्य उपहारस्वरूप प्रदान गर्नुभएको थियो । स्वागत कार्यक्रममा नव नियुक्त राजदूतले धार्मिक क्षेत्रमा आफ्नो अनुभव बताउनुहुँदै भन्नुभयो- "बुद्धले बताउनु भएको ज्ञानलाई हामीले अपनाउन सकेको खण्डमा त्यसको फल अहिले नै पाउने रहेछ । मैले मैत्री सूत्र र सम्बुद्धे पाठ गर्दै मन एकचित्त र शुद्ध पार्दै प्राणीहरूप्रति मैत्री छर्दै हिंड्ने बानीले गर्दा होला मेरो सैनिक जीवनको हरेक दिन र घडीमा पनि निर्विघ्न पुर्वक सफलता हासिल गर्ने मौका प्राप्त गरेको छु ।" ■

## बाल आश्रमलाई सहयोग

**मेत्ता सेन्टर बाल आश्रम ध्यानकुटी बनेपालाई सहयोग गर्नुहुने दाताहरूको नामावली यसरी रहेको छ–**

**नाम रकम र दान दिइएको वस्तुको विवरण**

| | | | |
|---|---|---|---|
| १. | क्यातलिन, अमेरिकी | - | रु. ३,६५०/- |
| २. | डा. भिक्षु लाम भियतनामी | - | रु. २,०००/- |
| ३. | काजुओ, जापानी | - | रु. ७,१००/- |
| ४. | लाल बहादुर तुलाधर, धरान | - | रु. ५०५/- |
| ५. | स्व. पुत्रको पुण्य स्मृतिमा तीर्थ देव मानन्धर | - | रु. २००/- |
| ६. | भक्त श्रेष्ठ, ठँहिटी | - | रु. २००/- |
| ७. | पूर्ण चन्द्र शाक्य, बनेपा | - | रु. ३००/- |
| ८. | मदनरत्न तुलाधर (सचिव युवा बौद्ध समूह) प्रत्येक बालिकालाई स्वेटर एक-एक (१२) थान | | |
| ९. | नानीमैंया नकर्मी लुगा सिउने कपडा १२ टुक्रा | | |

## एक मूठी सास रहेसम्म

✍ हरिकृष्ण श्रेष्ठ, धरान-१२

हाँसि दिन्छु केवल तिम्रो लागि ।
अरू केही गर्न सक्दिन ॥
फूली दिन्छु सबैको लागि ।
तर व्यक्तीको लागि मात्र होइन ॥
नसोच मलाई तिम्रो बनाउन ।
तिम्रो अर्कै व्यथा छ ॥
म त निर्धक्क हिंड्ने एउटी परी हुँ ।
म कसैको पनि हुन सक्दीन ॥
उदार गर्न धर्तिमा अवतार लिएकी छु ।
मात्र सबैको कल्याण गर्न ॥
समय पुगेपछि यो चोला ।
जाने छ बुद्धको शरणमा ॥
चरीत्र निर्माण र शान्ती ।
बुद्ध उपदेश दिने छु ।
निमुखा मानव मा
यहि शिक्षा दिई सकी अलप हुनेछु संसारमा
को आफ्नो को पराई छैन मेरोमा ।
सबै एकै समान देख्छु यो धर्तिमा ॥
शिक्षा लिने उपदेश सुन्ने पुग्ने छ स्वर्गमा ।
कुकर्म गर्ने मानवहरू जाने छ नर्कमा ॥
रीस राग छैन मेरो कुनै प्राणीमा ।
जे जे सोच्दै गरोस् मलाई मतलब छैन
मेरो कार्य जारी रहन्छ
एक मुठ्ठी सास रहे सम्म

## आमाको शरण

✍ रामभक्त प्रधान, बनेपा, न.पा. वडा नं. ८

आमा ! मैले मेरो भूल स्विकारें
तिम्रो सत्यता र महत्त्व बुझें
मूर्ख र अज्ञानी नबन्ने अठोट गरें
बुद्ध शिक्षा पालन गर्ने प्रतिज्ञा गरें
त्यसैले आमा तिमीले मलाई शरण देऊ
तिम्रो छत्रछायाँमा रमाउन देऊ
तिम्रो शुद्ध र न्यानो मैत्री देऊ
मलाई अवोध ठानी क्षेमा देऊ ।

## हे आमा

✍ सबिना महर्जन, सिद्धि मंगल बिहार, सिद्धिपुर ।

आजका मानिस,
अज्ञानताको पथमा हिंडेर
शान्तिलाई खोजिरहेछ
रगतको खोला तरेर
सङ्लो पानी खोजिरहेछ ।
हत्या हिंसाको कर्म लिएर
झूठको महलमा बसिरहेछ
स्वार्थपनाको आत्मा बोकेर
वास्तविक सुखलाई बिर्सिरहेछ ।
धर्मको नाममा मन्दिर धाएर
गरीबको पुकारलाई कुल्चिरहेछ
ढुङ्गाको मूर्तिलाई ढोगेर
आफ्नो कर्त्तव्यलाई विर्सिरहेछ ।

त्यसैले,
हे आमा,
अज्ञानीलाई ज्ञानको प्रकाश छर्ने,
अशान्तिलाई शान्तिको उपदेश दिने,
असत्यलाई सत्यताको बोध गराउने,
पापीलाई धर्मको बाटो देखाउने,
अँध्यारोमा उज्यालोको दियो बाल्ने,
फेरी एउटा बुद्धको जन्म देउ ॥

## धर्मकीर्ति पत्रिकालाई मेरो शुभकामना

✍ मदन महर्जन, कमलाक्षी

मासिक रुपमा प्रकाशित हुने
सबै लेखकको भावलाई कदर गर्ने
सबैलाई ज्ञानको सन्देश छर्ने
धर्मकीर्ति पत्रिकालाई मेरो शुभकामना
ज्ञानको दिप बाल्न सफल धर्मकीर्ति पत्रिका
भित्री मनदेखि सत्कार धर्मकीर्ति पत्रिकालाई
कदर योग्य छ धर्मकीर्ति पत्रिकाको योगदान
धर्मकीर्ति पत्रिकालाई मेरो शुभकामना
बुद्धको ज्ञान प्रचार-प्रसारमा ल्याउने
बौद्ध धर्मको महत्व दर्साउने
मानव मनमा भाव प्रवाह गर्ने
धर्मकीर्ति पत्रिकालाई मेरो शुभकामना


Downloaded from http://www.dhamma.digital

### अभिधर्मपाठ सम्पन्न

कार्तिक २२-२९ ।
स्थान- पद्मकीर्ति विहार, कमल पोखरी ।

पद्मकीर्ति विहार कमल पोखरीका संस्थापिका श्रद्धेय कमला गुरुमां ५७ वर्ष पुग्नुभएको उपलक्ष्यमा उहाँको आयु आरोग्य र दीर्घायु कामना गरी पद्मकीर्ति विहारका उपासकोपासिकाहरूको आयोजनामा साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको छ ।

कार्यक्रम समापन दिनमा श्रद्धेय भिक्षु संघ र गुरुमांहरू समेत गरी जम्मा ५७ जवानलाई दान प्रदान गरिएको थियो भने भिक्षुसंघलाई अष्टपरिष्कार दान गरिएको थियो ।

### अभिधम्म स्मारिकाको लोकार्पण सम्पन्न

२०६० मंसिर १५ गते, सोमवार । स्थान- सुमंगल विहार, ललितपुर

अभिधम्म अध्ययन समाज नेपालको आयोजनामा अभिधम्म स्मारिकाको लोकार्पण गरिएको छ । उक्त समाजले पाँचौं वर्ष प्रवेश गरेको उपलक्षमा यस पुस्तक लोकार्पण गरिएको कुरा बुझिएको छ ।

अभिधम्म समाजका अध्यक्ष प्रेमलाल चित्रकारको सभापतित्त्वमा सम्पन्न उक्त कार्यक्रममा भिक्षु बुद्धघोष महास्थविरको तर्फबाट पञ्चशील प्रार्थना गराइएको थियो भने सुजाता गुरुमांले स्वागत भाषण गर्नुभएको थियो ।

उक्त कार्यक्रममा अभिधर्मको महत्त्व विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्यो- भिक्षु बुद्धघोष महास्थविर, भिक्षु आनन्द, भिक्षुणी धम्मवती, बौद्ध विद्वान महेन्द्र रत्न शाक्य, अभिधर्म समाजका अध्यक्ष प्रेमलाल चित्रकार आदि ।

उक्त समाजका सदस्य सिद्धिरत्न शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रम चित्रा शोभा तुलाधरले सञ्चालन गर्नुभएको थियो ।

अन्त्यमा भिक्षु आनन्दको तर्फबाट पुण्यानुमोदन गरी सभा विसर्जन गरिएको थियो ।

### वर्तमान अशान्ति हटाउने उपायहरू

२०६०, मंसीर २० गते ।
स्थान- जगत सुन्दर ब्वनेकुथी, काठमाडौं ।

भिक्षु अश्वघोष महास्थविर प्रव्रजित हुनुभएको ६० वर्ष भएको उपलक्ष्यमा युवा बौद्ध समूहको आयोजनामा आगामी १ वर्ष अवधि भित्र विभिन्न रचनात्मक कार्यक्रमहरूको थालनी गरिने लक्ष्य राखिएको मध्ये पहिलो कार्यक्रमको रुपमा "नेपालको वर्तमान अशान्ति र बौद्ध समाधान" विषयक एक गोष्ठी सम्पन्न भएको थियो ।

युवा बौद्ध समूहका अध्यक्ष शान्त रत्न शाक्यको सभापतित्त्वमा र लोकदर्शन बज्राचार्यको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविरले ओवाद दिनुभएको थियो । ओवाद दिनुहुँदै उहाँले भन्नुभयो–

"युवा बौद्ध समूहले यसरी वार्षिक कार्यक्रमहरू संचालन गर्ने जुन लक्ष्य राखिएको छ, यसलाई उक्त समूहको नयाँ सँस्कृतिको थालनी भन्न सकिन्छ । किनभने हाम्रो समाजमा कुनै पनि व्यक्तिको जीवितकाल सम्म महत्त्व हीन थानेपनि मृत्युपछि उसको भएभरको गुणगान गाउँदै प्रशंसा गर्ने चलन चल्ती रहेको पाइन्छ । तर हाल युवा बौद्ध समूहले जीवितकालमा नै व्यक्तिको महत्त्व दर्शाउने नयाँ सँस्कृति बसाल्न थालेको कार्यलाई प्रशंसा गर्न योग्य छ । यसरी अरुको लहलहैमा नलागी आफ्नै चेतनाले जुन कार्य गरिन्छ, त्यसलाई अभिधर्म अनुसार असंस्कारिक चित्तले गरेको कार्य भनिन्छ । वर्तमान अशान्ति हटाउने मुख्य उपायहरू मध्ये एक प्रमुख उपाय गरीवि उन्मूलन नै देखिन्छ ।"

शान्तिका लागि नागरिक समाजका संयोजक भिक्षु आनन्दले आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा भन्नुभयो– "नेपालमा आर्थिक, सामाजिक, साँस्कृतिक समानता ल्याई अशान्ति र द्वन्द समस्या हटाउन पर्ने देखिन्छ ।"

यसरी नै धर्मकीर्ति मासिक पत्रिकाका सम्पादक वीर्यवती गुरुमांले अशान्तिका विभिन्न कारणहरू मध्ये प्रमुख कारणका रूपमा रहेको आर्थिक असमानता हटाउन कदम चाल्नु पर्ने र परस्पर सम्यक दृष्टि (ठीक तरिकाले बुझ्ने क्षमता) हुनुपर्ने आवश्यकतालाई औंल्याउनु भयो ।

यसरी नै धर्मोदय सभाका महासचिव सुवर्ण शाकयले होम गर्ने, शान्ति जुलुस मात्र निकाल्दैमा शान्ति कायम नहुने र हरेक क्षेत्रमा व्यवहारिक बन्न सक्नुपर्ने मन्तव्य व्यक्त गर्नुभयो ।

नेपाल बौद्ध परिषदका अध्यक्ष डा. लक्ष्मण

शाक्यले देशलाई ठीक मार्गमा डोऱ्याउन नेतृत्त्व वर्गहरूले ठीक मार्ग पत्ता लगाउन नसकिरहनुको कारणले नै हाम्रो देशको समस्या हटाउन सकिरहेको छैन भन्ने मनसाय व्यक्त गर्नुभयो ।

युवा बौद्ध समूहका सल्लाहकार हर्षमुनि शाक्यले नेपालका ३३% खेती ६% मानिसहरूको कब्जामा रहेको कुरा उल्लेख गर्नुहुँदै यस्तो आर्थिक असमानता हटाउन सकेमा मात्र समस्या सुल्झिने राय व्यक्त गर्नुभयो ।

अन्तर्राष्ट्रिय बौद्ध ध्यान केन्द्रका सविता धाख्वाले देशको समस्या समाधान गर्नका लागि पञ्चशील, परियत्ति शिक्षा, आदिको व्यापक प्रचार प्रसार गर्नुपर्ने आवश्यकतालाई औंल्याउनु भयो ।

ज्यापु महागुथीका अध्यक्ष विपिन्द्र महर्जनले हाम्रो नेपालका विभिन्न स्थानहरूमा हिंसाले युक्त रहेको परम्परागत सँस्कृति प्रचलनमा आइरहेको कारणले यसले युद्धलाई टेवा पुऱ्याइरहेको हुँदा यी कुसंस्कार हरूको निर्मुल पार्नुपर्ने र बौद्ध जागरणको आवश्यकता रहेको विषयमा बोल्नु भएको थियो ।

सन्ध्या टाइम्सका सम्पादक सुरेश मानन्धरले बुद्ध अनुयायीहरूले शान्ति क्षेत्र किटान गरी उक्त क्षेत्रभित्र सेना र विद्रोही दुवै पक्षलाई प्रवेश निषेध गर्नुपर्ने राय व्यक्त गर्नुभयो ।

यसरी नै लोकदर्शन वज्राचार्यले जबसम्म म र मेरो भन्ने भावनाले हामीलाई ग्रस्त पार्छ तबसम्म समस्या रहीरहन्छ भन्नुभयो ।

धम्मवती गुरुमां पनि उपस्थित रहनु भएको यस कार्यक्रममा त्रिरत्न मानन्धरले स्वागत भाषण गर्नुभएको थियो भने मदनरत्न तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## विराटनगरमा प्रवचन कार्यक्रम

२०६० मंसीर २६ गते ।

स्थान- अरनिको उच्च माध्यमिक विद्यालय ।

यसदिन अरनिको उच्च माध्यमिक विद्यालय विराटनगरमा एक प्रवचन कार्यक्रमको आयोजना गरिएको थियो । बुद्धपूजा पछि शुभारम्भ गरिएको उक्त सभामा मोहन शाक्यले स्वागत भाषण गर्नुभएको थियो ।

प्रवचनको क्रममा भिक्षु अश्वघोष महास्थविरले आफ्नो मैत्री र सत्यवलको प्रभाववाट बुद्धले चण्ड स्वभावको आलवकलाई असल मानवको रुपमा परिणत गर्नुभएको बुद्धकालिन घटना प्रस्तुत गर्नुभएको थियो ।

यसरी नै धम्मवती गुरुमांले शील समाधि र प्रज्ञाको व्याख्या गर्नुहुँदै प्रज्ञा विना हाम्रो जीवन सफल हुन नसक्ने विषयमा प्रवचन दिनुभएको थियो ।

रत्न मञ्जरी गुरुमाँले दान, शील, र भावनाको अभ्यास गरी जीवन सफल पार्नु पर्ने विषयमा प्रवचन गर्नु भएको थियो ।

यस कार्यक्रममा काठमाडौं देखि आउनु भई सहभागी हुनु भएका भन्ते गुरुमांहरू लगायत सबै उपासकोपासिकाहरूलाई अरनिको विद्यालयका संस्थापक कमला कुँवर ज्यूले जलपान र भोजनको प्रबन्ध मिलाउनु भएको थियो ।

## बुद्ध पूजा

२०६० कार्तिक १ गते ।

स्थान- सुवर्ण छत्रपुर विहार, लुभु, ललितपुर ।

लुभु स्थित टोलटोलमा अवस्थित बौद्ध चैत्यहरूमा नियमित बुद्धपूजा र धर्मदेशना कार्यक्रम अनुसार लुभू-७ क्वयूलाछी चि: वहामा बुद्धपूजा कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा श्रामणेर पदमले शील प्रार्थना गराउनु भई श्रामणेर सुजातले दश कुशल र दश अकुशल विषयमा धर्म देशना गर्नुभएको थियो । कृष्ण गोपाल श्रेष्ठले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रम रामगोपाल सिंहले संचालन गर्नुभएको थियो । कार्यक्रममा उपस्थित भन्ते, श्रामणेरसउंग उपासको-पासिकाहरू सबैलाई शेरप्रसाद श्रेष्ठ परिवारले भोजन दान गर्नुभएको थियो ।

## धरानमा महापरित्राण पाठ

२०६० मंसिर २६, २७ । स्थान- बुद्ध विहार, धरान-८

बुद्ध विहारको ४२ औं वार्षिक दिवसको उपलक्ष्यमा र विश्व शान्ति कामना गर्दै बुद्ध विहार धरान- ८ को आयोजनामा श्रद्धेय भिक्षु महासंघबाट महापरित्राण पाठ सम्पन्न गरिएको छ । तीनदिन सम्म सञ्चालित उक्त कार्यक्रममा मंसिर २५ गते धरान नगरपालिकाका प्रमुख, उप प्रमुख र वडा अध्यक्षहरूलाई अभिनन्दन गरिएको थियो ।

२६ गते शान्तिपद यात्रा, धर्मदेशना, प्रवचन, ज्ञानमाला भजन र दिपावली, गरिएको थियो भने मंसिर २७ गते शील प्रार्थना बुद्धपूजा, धर्मदेशना र महापरित्राण पाठ, अष्टपरिष्कार दान एवं दानप्रदान गरी सम्पन्न गरिएको थियो ।

स्मरणिय रहेको छ, धरानमा यो दोश्रो पटक सम्पन्न भएको महापरित्राण पाठ हो । पहिलो महापरित्राण पाठ वि.सं. २०३७ सालमा स्वयम्भू चैत्य विहारको आयोजनामा सम्पन्न गरिएको थियो ।

उक्त कार्यक्रममा प्रवचन दिनुहुनेहरू: भिक्षु अश्वघोष महास्थविर, भिक्षु आनन्द, भिक्षु शोभित, धम्मवती गुरुमाँ ।



Downloaded from http://www.dhamma.digital

## सफलकामना

२०६० मंसिर २३ गते । स्थान- नगदेश बुद्ध विहार ।

नगदेशकी कुलपुत्री रुपावती गुरुमांको जन्मदिनको अवसरमा उहाँको आयु आरोग्य र अध्ययनको सफलता कामना गरी एक धार्मिक कार्यक्रमको आयोजना गरिएको थियो । स्मरणिय छ रुपावती गुरुमां हाल श्रीलंकामा बुद्ध शिक्षा अध्ययन गर्दै हुनुहुन्छ । श्रामणेर ज्ञानोदय समक्ष शील प्रार्थना गरी प्रारम्भ गरिएको उक्त कार्यक्रममा कृष्ण कुमार प्रजापतीले स्वागत भाषण गर्नुभएको थियो भने रामकृष्ण वैद्यले मित्रराष्ट्र थाइलैण्डका श्रद्धेय संघराजा भिक्षु सोमदेच फ्रा ञाण संवरको ९० औं जन्म दिवसको उपलक्ष्यमा नेपालका कुलपुत्रहरूलाई प्रव्रजित गराई थाइलैण्डमा बुद्ध शिक्षा अध्ययनार्थ पठाइने जानकारी दिनुभयो । धर्मकीर्ति विहारबाट पाल्नु भएका श्रद्धेय अनुपमा गुरुमांले आशिष वचन एवं ओवाद दिनुभई पुण्यानुमोदन गर्नुभएको उक्त कार्यक्रममा श्रामणेर हरूको तर्फबाट परित्राण पाठ गरिएको थियो ।

## विश्व शान्ति प्रार्थना तथा भिक्षादान

२०६० मंसिर २८ गते ।

स्थान- वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर

राष्ट्रिय बौद्ध महासङ्घ नेपालले विश्व शान्ति प्रार्थना तथा भिक्षादान कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा विभिन्न मुलुकहरूबाट पाल्नु भएका बौद्ध धर्माबलम्बीहरूले नेपालका एक हजार एक बौद्ध गुरु, भिक्षु भिक्षुणीहरूलाई भिक्षादान गरिएको थियो । उक्त कार्यक्रममा भिक्षुहरू (चिनीया, नेपाली) र लामागुरुहरू र वटुकहरूले शान्ति प्रार्थना गरेका थिए ।

उक्त भिक्षादान कार्यक्रममा सहभागीहुनका लागि सिङ्गापुरका स्वर्ण पगोडा बौद्ध मन्दिरका प्रमुख शि फा झाओको नेतृत्त्वमा सिङ्गापुर, चीन, लावस, म्यानमार, श्रीलंका, इन्दोनेशिया, थाइलैण्ड र मलेसियाका धर्मगुरु एवं भिक्षु भिक्षुणीहरू समेत गरी जम्मा १६७ जना धर्मावलम्बीहरू नेपाल आउनु भएको कुरा बुझिएको छ । उक्त सभामा नेपालका विभिन्न ३२ गुम्बा तथा विहार हरूका भिक्षु, भिक्षुणीहरू र लामागुरुहरू उपस्थिती रहेको कुरा पनि बुझिन आएको छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सर्बेन्द्रनाथ शुक्लको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा पूर्व सहायक मन्त्री आङ्छिरिङ लामा र महासंघका सल्लाहकार चुडा लामा, काठमाडौं महानगर पालिकाका मेयर केशव स्थापित र ललितपुर नगरपालिकाका मेयर बुद्धिराज बज्राचार्यको पनि उपस्थिती रहेको थियो ।

सो अवसरमा मन्त्री शुक्लले श्री झाओलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो भने श्री झाओले विभिन्न व्यक्तिहरूलाई बुद्धको दन्तधातुको तस्विर प्रदान गर्नुभएको थियो ।

उक्त कार्यक्रम महासङ्घका अध्यक्ष लन्डुपदोर्जे लामाको सभापतित्त्वमा सम्पन्न भएको थियो ।

## आयु आरोग्य एवं स्वास्थ्यलाभ कामना

२०६० पौष १ गते । स्थान- नगदेश बुद्ध विहार ।

नगदेश बौद्ध समूहको आयोजनामा नगदेश बुद्ध विहारमा साहु ज्ञानज्योति कंसाकारको आयु आरोग्य एवं स्वास्थ्य लाभ कामना गरिएको समाचार छ । उहाँले नगदेश बौद्ध समूह र नगदेश बुद्ध विहारको संस्थागत विकास कार्यमा ठोस योगदान पुऱ्याउनु भएको कुरा बुझिएको छ । उहाँको स्वास्थ्य लाभ कामना गर्दै उहाँको गुण र योगदान अनुस्मरण गरी सामूहिक ध्यान गरिएको थियो ।

यसरी नै नगदेश बौद्ध समूहलाई जग्गा दान गर्नुहुने विहारका जेष्ठ उपासिका कसंमाया तको ९४ वर्षको उमेरमा देहावसान हुनु भएको सातौं दिनमा उहाँको पुण्यानुस्मृतिमा बुद्ध पूजा पनि गरिएको थियो ।

## धर्मोदय सभाको ६० औं साधारण सभा सम्पन्न

२०६० पौष ५ गते, शनीवार । स्थान- कीर्तिपूर (नगर मण्डप श्रीकीर्ति विहार) राष्ट्रिय बौद्ध संस्था धर्मोदय सभाको ६० औं साधारण सभा अखिल नेपाल भिक्षु महासंघका उपसंघनायक भिक्षु बुद्धघोष महास्थविरबाट उद्घाटन गर्नुभई शुरु गर्नु भएको थियो । उक्त कार्यक्रममा भिक्षुसंघबाट मंगलसूत्र पाठ, लामा गुरुहरूबाट बुद्ध प्रार्थना र वज्राचार्य गुरुबाट स्वस्ति वाचन गरिएको थियो ।

धर्मोदय सभाका अध्यक्ष भिक्षु अश्वघोष महास्थविरको सभापतित्त्वमा सम्पन्न भएको उक्त कार्यक्रममा महासचिव सुवर्ण शाक्यले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष पद्मज्योतीबाट आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष ओमकार प्रसाद गौचनबाट लुम्बिनीको गतिविधि जानकारी दिइएको उक्त सभामा सभाका निवर्तमान अध्यक्ष एवं वर्तमान सल्लाहकार लोकदर्शन वज्राचार्यले लुम्बिनीमा नेपालको तर्फबाट बनाउन लागिएको स्वयम्भू चैत्य विहार निर्माणका कार्य यथाशिघ्र सम्पन्न गरिने बचनवद्धता प्रकट गर्नु भएको थियो ।

सभाका सह-कोषाध्यक्ष सागरमान वज्राचार्यबाट विधान संशोधन प्रस्ताव पारित गरिएको उक्त सभामा विभिन्न जिल्लाका शाखाहरूबाट प्रतिवेदन प्रस्तुत गरिएको थियो । उक्त सभामा उपाध्यक्ष डा. त्रिरत्नमान तुलाधर, सचिव बुद्धरत्न बज्राचार्य र सदस्यहरू त्रिरत्न तुलाधर र नानीमैंया मानन्धर आदि वक्ताहरूले आ-आफ्ना मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

## आँखा दान गरी प्रत्यारोपण गरेको

नगदेश बुद्ध विहार र नगदेश बौद्ध समूहको उन्नति र प्रगतिमा सदा प्रशन्न भै रमाउने उपासक “आशानर्सि मकै” गत बि.सं. २०६० पौष ५; ई.सं. २००३ डिसेम्बर-२०, शनिबारको मिरमिरेभै ७५ बर्षको उमेरमा यस भौतिक संसारबाट सदाको निम्ति बिदा भै देहावसान भएकोले सोही दिनको बिहान आँखा बैंक, तिलगंगा आँखा केन्द्रसित सम्पर्क गरी “आँखा दान-महादान” कार्य सम्पन्न गरी दाह संस्कार गरियो। उक्त दान गरीएको आँखा नुवाकोट जिल्लास्थितका ५२ बर्षीय महिलालाई आईतबार नै सफल प्रत्यारोपण गरीएको बुझिएको छ।

बि.सं. २०६० पौष-८; ने.सं. ११२४ थिंगाला-३०, औंशी, मंगलवारको दिनमा नगदेश बुद्ध विहारको धम्महलमा साप्ताहिक नियमित बुद्धपूजा गरी मृतक आँखा दाता ‘आशानर्सि मकै’ को गुण र योगदानको चर्चा गरी १ एक मिनेट मौन धारणा गरी शोक श्रद्धाञ्जली अर्पण समेत गरिएको समाचार छ।

## परियति शिक्षाया प्रशिक्षण

यें २०६०।८।२८।

नेपाल बौद्ध परियति शिक्षाया परीक्षा समितिया आयोजनाय् बानेश्वरस्थित विश्वशान्ति विहारय् परियत्ति शिक्षकपिनिगु लागिं मंसीर १७ व १८ गते निन्हुयंकंया प्रश्नपत्र निर्माण व उत्तरपुस्तिका परीक्षणया प्रशिक्षण ज्याझ्वः सम्पन्न जुल। भिक्षु बोधिज्ञान समक्ष शील प्रार्थना व बौद्ध परियत्ति या संस्थापक सदस्य धर्मरत्न शाकयपाखें बुद्धमुर्ति समक्ष मतःच्याका बिज्यासें न्ह्याकूगु उगु ज्याझ्वःस बौद्ध परियत्तिया पाठ्यक्रमया जानकारी डा. बज्रराज शाक्य पाखें, प्रश्नपत्र निर्माणया बारे डा. गणेश माली, मुल्यांकनया बारे प्रा. सुवर्ण शाक्य व उत्तरपुस्तिका परिक्षणया बारे डा. सुमन कमल तुलाधर पाखें प्रशिक्षण बियादयूगु खः। सुजाता गुरुमाँ, अमिता धाख्वा व त्रिरत्न मानन्धर पाखें विभिन्न विषययया अभ्यास प्रशिक्षण याकादिगु खः। परियति स्थापनाया पीदँ लिपा न्हापांगु कथं जूगु थुगु प्रशिक्षण ज्याझ्वलय् स्वनिगःया नीगू परियत्ति केन्द्र पाखें ३२ म्ह परियत्ति शिक्षकपिसं ब्वतिकागु खः। भिक्षु बोधिज्ञानपाखें प्रशिक्षण लिपा दसिपौ इनेगु ज्याः जूगु थुगु ज्याझ्वःलय् प्रशिक्षार्थीद्वय मदन बहादुर तुलाधर व चन्द्रदेवी मानन्धर पाखें थुगु ज्याखँयात च्वछासें हानंहानं थुजागु ज्याभ्वः सञ्चालन जुइमागु मन्तव्य बिया दिल।

## लुभुई बौद्ध जागरण ज्याझ्वः सम्पन्न

युवा बौद्ध समूह यें व सुवर्ण छत्रपुर लुभुया मंका ग्वसालय लुभुया बौद्ध उपासक उपासिका पिनि सहभागिताय् छन्हुया बौद्ध जागरण ज्याझ्वः सम्पन्न जुल। श्रद्धेय भिक्षु अश्वघोष महास्थविरया ६० दँ प्रवजित दं या उपलक्ष्ये कया सम्पन्न थुगु ज्याझवलय् बुद्ध शिक्षाया थीथी विषयलय् विभिन्न वक्तापिसं प्रशिक्षण याना दीगु खः।

प्रशिक्षण या झ्वलय् विपेन्द्र महर्जन पाखें बुद्धया म्हसीका, देवरंजित पाखें धर्म छु व छाय् ?, हर्षमुनी शाक्य पाखें नेपाया बुद्ध धर्मया इतिहास, युवा बौद्ध समूहया अध्यक्ष शान्तरत्न शाक्य पाखें बुद्धधर्म व सामाजिक सुधा, राजु शाक्य पाखें चतुआर्य सत्य व त्रिरत्न मानन्धर पाखें जीवनया समस्या व बौद्ध समाधान या विषयलय् शिकक्षण याना दीगु खः।

सुवर्ण छत्रपुर विहारया बाबुरत्न महर्जनया सभापतित्वलय् जगु थुगु ज्याभ्वलय् सुवर्ण छत्रपुर विहारया छ्यान्जे राम गोपालसिं पाखें लसकुस व युवा बौद्ध समूहया कोषाध्यक्ष व जागरण ज्याझ्वः या कजि तेजनारायण मानन्धर पाखें सुभाय बियादूगु खः। ज्याझ्व युवा बौद्ध समूहया छ्यान्जे मदन वहादुर तुलाधर पाखें न्ह्याकादीगु खः।

## विश्व मैत्री विहारे धर्म देशना

थाय्- यल धनुसंल्हू।

यलया लाय्कू स्थित विश्व मैत्री विहारे शील प्रार्थना व बुद्ध गुणस्मरण लिपा जूगु बौद्ध सभाय् भिक्षु पञ्ञासारं उपासक उपासिकापिं विहारे वनाजक मगा, धर्म देशना एकाग्रचित्तं न्यनेमा, न्यना जक नं मगा न्यनागु देशना थुइका ज्ञान बोध यायेमा, ज्ञान जक दयेकां मगा थुइकागु ज्ञान कथं जीवने आचरण याये फसा जक मनुष्य जीवन सफल जुइ धका देशना याना बिज्यात।

मयजु लक्ष्मी महर्जनं ध्यान अभ्यास याना थःके दुविनाच्वंगु अवगुण थुइका सुधार यायेमागु खँ कना दिल।

वंगु संल्हूया देशना लुमंका छत्वाःछत्वाः चाखँ कनादीपिं हेराकाजि सुजिका व दिल शोभा शाक्य पित्त भन्ते पञ्ञासारं शिरया विया बिज्यागुखः।

बोधिरत्न शाक्यं लसकुस यानादीगु ज्याझ्वले प्रेमबहादुर वज्राचार्यजुं सुभाय् देछाना दिल।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय: नक्साल, नागपोखरी, पोष्ट बक्स: ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल। फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३१२९
व्यापारिक कार्यालय: ... ४२५८६७८
Downloaded from http://www.dhamma.digital